
साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ३ २०८२ साउन २० गते मंगलबार (Aug 5, 2025) मूल्य रू. १०/-

## एकदुई जनाको बिरोधको अर्थ छैन



माओवादी पार्टी प्रवक्ता अग्नि सापकोटा पार्टी अध्यक्ष प्रचण्डको समर्थन र जनार्दन शर्मातिर इंगित गर्दै भनेका छन्- एकाध व्यक्तिहरूको बिरोधको अर्थ छैन ।

उनले भनेका छन्- व्यक्तिवादी अराजकता, अनुशासनहिनता बढेर गएको छ,, अधिकांश नेताहरूले गुट बन्द गर्नुपर्ने र स्वार्थ समूहहरू नियन्त्रण गर्नुपर्ने आवश्यकता छ ।

पार्टीभित्रै तरङ्ग उठ्नेगरी जनार्दन शर्माले उठाएका मुद्दाहरू छोपेर कतिदिन छोपिएलान भनिदैछ ।

## नेकपा स भित्र मारामार

नेकपा स का अध्यक्ष माधव नेपालले झलनाथ खनाललाई पार्टी छोडेर गए हुन्छ भनेपछि झलनाथ खनालले माधव नेपालमाथि असक्षम भन्दै पार्टी चलाउन नसके राजीनामा दिए हुन्छ भन्ने जवाफ फर्काएका छन् । एक त माधव नेपालमाथि भ्रष्टाचारको मुद्दा लागेको छ । उनले आफै मुद्दा किनारा नलागेसम्म अलग बसे




हुनेथियो, त्यसमाथि यी दुबै पूर्वप्रधानमन्त्रीहरूवीच कुकुर बिरालाको जस्तो झगडाले राजनीतिलाई तताएको छ । स्मरणीय के छ भने यी दुबै नेता एमालेका पुराना नेता हुन् र दुबैले एमालेमा बिद्रोह गरेर नयाँ पार्टी गठन गरेका हुन् ।

यता माओवादी अध्यक्ष प्रचण्डले पार्टी एकीकरण गर्न तारन्तार माधव नेपालसँग वार्ता गरिरहेको र भर्खर पार्टी प्रवेश गरेका पुराना अर्का एमाले नेता वामदेव गौतमले पनि संगठन विभाग नपाएकाले अध्यक्ष माधवकुमार नेपालसँग मत बझाएका छन् । १० सांसद रहेको यो पार्टी राष्ट्रिय पार्टी बन्न सकेन तर झगडा र द्वन्द्व भने राष्ट्रिय स्तरमै चर्केको सुनिन्छ । झलनाथ खनालले राजीनामा दिने कल्पना पनि गर्न सक्दिन भनेका छन्, वामदेव संगठन विभाग चाहियो भनिरहेका छन्, सांसदहरू अनियन्त्रित भूमिकामा छन् । नेकपा स को दृश्य हिन्दी फिल्मको डायलग 'अब तेरा क्या होगा रे कालिया ?' भनेजस्तो देखिन्छ ।

राजनीतिक विश्लेषकहरू नेकपा स को भविष्य अन्धकार बताउँछन् ।

## राप्रपाभित्र धमिलो, अमिलो



राजतन्त्र पुनर्स्थापना गर्छौं भन्ने राप्रपा आन्तरिक मतभेद, मनभेदमा अल्झिन पुगेको छ । महामन्त्री धवलशमशेर राणाले पार्टी अधिवेशनका लागि अध्यक्षमाथि पर्यवेक्षक एकलौटी तोकिएकोमा अमिलो मानेका छन् । त्यसो त राप्रपाको झगडा निर्वाचन आयोगसम्म पुगेको छ, नेताहरू ध्रुविकरणमा छन् ।

राप्रपालाई मिसन ०८४ को निर्वाचनमा ठूलै पार्टी देख्नेहरू निराश भएका छन् । चर्चा छ- यस्तो राप्रपाले राजतन्त्र र हिन्दुराष्ट्र कुन ताकतले पुनर्स्थापना गर्न गराउन सक्ला र ?

## नेपालमा कम्युनिष्ट समाप्त हुँदै




बिरोधीलाई सफाया अभियान चलाउनु प्रचण्ड र ओलीको अराजकता बढ्दो छ । यसै भन्छन्- नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा.बाबुराम भट्टराई । भट्टराईले यी दुबै नेतालाई रूसी नेता जोसेफ स्टालिनको शैलीमा राजनीतिक रूपमा सफाया गर्न थालेको आरोप लगाएका छन् ।

भट्टराईको सामाजिक सञ्जालमा यसरी कडा टिप्पणी आएको छ । उनले एमाले र माओवादी केन्द्रभित्र आन्तकरिक द्वन्द्व र निषेधात्मक प्रवृत्ति चर्केको र यी दुबै नेताको अराजनीतिको कडा आलोचना गरेका हुन् । आलोचनाको सन्दर्भमा पूर्व प्रधानमन्त्री समेत रहेका बाबुराम भट्टराईले 'ग्रेट ट्रायल' (१९२७-३८) को सन्दर्भ उल्लेख गर्दै यी दुबै नेताले आफ्ना आलोचकहरूलाई पार्टी र सत्ताबाट हटाउने प्रवृत्तिमा तिब्रता ल्याएको समेत उल्लेख गरेका छन् ।

बाबुराम भट्टराईकै शब्दमा- 'मुख्य नेतृत्वसँग आँखा जुधाउने वा आलोचना गर्नेहरूलाई विभिन्न आरोप लगाएर सदाका लागि पार्टी र सत्ताबाट बिदा गर्ने प्रवृत्ति अहिले पनि उत्तिकै हावी छ । स्टालिनकै झल्को आउने गरी नेपालका 'कम्युनिस्ट' मठाधीशहरूले भौतिक सफाया नगरे पनि राजनीतिक र सांगठनिक सफाया गर्दै छन् । यो इतिहासको ठूलो विडम्बना हो ।'

भट्टराईले नेपालमा कम्युनिस्ट आन्दोलन रूसमा जस्तै विलाएर जाने चरणमा पुगेको छ दावी पनि गरेका छन् । नेपालको वर्तमान कम्युनिस्ट संरचनामा वैचारिक स्खलन र बन्ध्याकरण तीव्र रूपमा फैलिएको भनेको छन् ।

# जनार्दनको प्रशंसनीय साहस

१० वर्षे जनयुद्ध गर्ने माओवादी ०६५ सालमा सत्तामा पुग्यो । प्रचण्ड ३ पल्ट प्रधानमन्त्री भइसकेका छन्, अहिले प्रमुख प्रतिपक्षीमा रहेका छन् तर माओवादीले १८ वर्षको अवधिमा के गऱ्यो भन्दा पनि पार्टीभित्रको अहंवादले कमजोर बन्दै गएको विश्लेषण हुनथालेको छ ।

यतिबेला उपमहासचिव जनार्दन शर्मा अध्यक्षमाथि पार्टी किन कमजोर भयो, ३१ लाखबाट कुन कारणले ११ लाख मतमा पार्टी झऱ्यो भन्ने प्रश्न गर्दै अध्यक्षले आत्मालोचना गर्नुपर्ने अडानमा छन् । अध्यक्ष प्रचण्ड र उनका पक्षधरहरू जनार्दनलाई जसले गल्ती गऱ्यो उसैले आत्मालोचना गर्नुपर्छ भन्दै पार्टी छोडेर गए हुन्छ भनेका छन् । खासगरी पार्टीका आन्तरिक विषय बाहिर लगेकोमा अध्यक्ष प्रचण्ड धेरै रिसाएका देखिन्छन् ।

असली कुरो- चारदशकदेखि पार्टीको नेतृत्व गरिरहेका प्रचण्डले नेतृत्व दोस्रो पुस्तामा हस्तान्तरण गर्नुपर्ने माग हो, त्यसमा अध्यक्ष प्रचण्ड असन्तुष्ट भएका हुन् । अधिकांश नेताहरू प्रचण्डका सामु नबोल्ने, मौन बस्ने गरेका छन् ।

यसकारण एक्लाजस्ता देखिएका जनार्दन शर्मा कोपभाजनमा पर्ने खतरा विश्लेषकहरूले औंल्याएका छन । तर जनार्दन शर्मा चट्टान भएर उभिएका छन् र पार्टीलाई समाजवादको दिशामा लैजाना नसकेको र सरकारमा उदारवाद र नवउदारवादको बखान गर्ने गरेको भन्दै उनले पार्टी नछाड्ने र पार्टी




निर्माणमा प्रश्न उठाएबापत के सजाय भोग्नुपर्छ, म तैयार छु, भनेका छन् । जनार्दन शर्माले ममाथि पार्टी विभाजनको दुष्प्रचार किन गरियो ? भन्ने प्रश्न पनि उठाएका छन् । उनले पार्टीको ३१ लाख बाट ११ लाख मत झार्न मेरो कमजोरी छ भने म आत्मालोचना गर्न तयार छु । हैन भने तत् तत् ठाउँबाट आत्मालोचना गर्न आवश्यक छ भनेपछि अध्यक्ष प्रचण्ड आक्रोसित भएको देखिन्छ ।

प्रचण्डमाथि यति गम्भीर आरोप पार्टीभित्रै पहिलोपल्ट लागेको छ । सम्भवतः त्यसैले पनि हुनसक्छ, प्रचण्डले एकपल्ट फेरि क्रान्ति गर्न मनलागेको विचार सार्वजनिक गरेका छन् ।

जनार्दन शर्माले पार्टीलाई समाजवादको दिशामा किन लान सकिएन, नवउदारवादको बखानमा किन रूमलियौं, सिद्धान्तअनुसारको नीति कार्यक्रम कतातिर पुग्यो, मजदूर किसानको बाटो छाडियो, बर्गप्रति किन उदासिनता, मैले अर्थमन्त्री हुँदा ल्याएको किसान पेन्सन, प्रत्येक पालिकामा ३०० जना कृषि भोलिन्टियर बनाउने र बाँझो जमिन प्रयोग गर्ने जस्तो कार्यक्रम हाम्रा अध्यक्ष प्रधानमन्त्री भएपछि किन खारेज गरियो, सङ्घीयता कार्यान्वयनमा हाम्रो मूल नेतृत्वको इमानदारिता किन देखिएन, उत्पीडित, जाति, वर्ग, क्षेत्र र समुदाय किन रिसाए, पहिचान लगायतका मुद्दाहरू किन बिर्सियौं, ३१ लाखको मत ११ लाखमा झरेको मैले गर्दा हो, नयाँ संविधानपछि पार्टीको पुनर्संरचना किन हुनसकेन, केन्द्रीकृत मानसिकताबाट किन ग्रसित छौं, पुरानै शैलीमा किन उभिएका छौं, हाम्रो वैचारिक अस्पष्टता, राजनीतिक लाइनको समस्या, सङ्गठनात्मक प्रणाली र विधिका सङ्कटहरूको कारण के हो, जनताले खोजेको आर्थिक समृद्धिको विकल्प दिन किन सकिएन, यी तमाम विषयमा बहस, अध्ययन, अनुसन्धान किन गरिएन भन्नेजस्ता प्रश्न उठाएपछि माओवादी पार्टीभित्र ठूलै रण्डखाल मच्चिएको छ ।

पार्टीभित्र संकल्प र साझेदारी हुनुपर्छ, प्रतिवद्धताको खाँचो छ पनि भनेका छन् ।

कम्युनिष्ट विश्लेषक हरि रोका, सुन्दरमणि, सुरेन्द्र केसीहरूले जनार्दन शर्माको साहसलाई राम्रो मानेका छन् । तर कम्युनिष्ट पार्टीहरूभित्र वैचारिक विश्लेषणभन्दा पनि बढी नेताको आरती उतार्ने, भजन गाउने संस्कृतिको बिकृति बढिरहेको बताएका छन् ।

कर्मचारीतन्त्र कति जब्बर रहेछ, संसदमा पेश भएको कुलिङ पिरियडको प्रस्ताव नै तलमाथि गर्न सक्नेरहेछन् ।

अचम्म त के छ भने नेपालको अस्तित्व मेटिने गरी विधेयकमा लेखिएको भए, त्यो पनि संसदबाट पास हुनेरहेछ, १९७५ मा सिक्किम भारतमा बिलय भएझैं बिलय हुनसक्नेरहेछ ।

खतराको घण्टी फेरि बज्यो । तर सरकार सचेत छैन, संसद र सांसद सचेत छैनन् । बहुविवाहको प्रस्ताव, नागरिकता सच्याउन सकिने संशोधन, राष्ट्रिय परिचयपत्र, लाइसेन्स, मालपोत, पासपोर्ट, सबैतिर खतरै खतरा छ ।

कुलिङ पिरियडमा कसले छेडखानी गऱ्यो, छानबिन गर्ने यी प्रतिनिधिले प्रतिवेदन लेखन गर्दा कर्मचारी र कांग्रेस-एमालेले किन हस्तक्षेप गरे भन्ने प्रश्न पनि उठेको छ ।

## कुलिङ पिरियडमा जालझेलको प्रश्न

छानबिन समितिलाई मुख्यसचिवले भनेका भनेका छन्- विधेयक पास नभएसम्म कुलिङ पिरियड हटाउन लाग्छौं । समितिका नेता जीवन परियार छन्, उनी पनि पार्टीको इसारामा चलेको आरोप लागिसकेको छ । उनलाई कांग्रेस, एमालेका सचेतक श्याम घिमिरे, महेश बर्तौलाले गायत्री सुनाएका छन् ।

छानबिन समितिमा कांग्रेसी जीवन परियार, सुशीला थिङ, एमाले बर्तौला, नारायणप्रसाद आचार्य र ईश्वरी घर्ती छन्, तिनलाई कसैलाई दोषी करार नगर्न निर्देशन भएको खुलेको छ । यसको अर्थ दलीय निष्पक्ष होइन, दलीय रिपोर्ट सार्वजनिक हुनेछ । असार २३ को कार्यादेश एकातिर रिपोर्ट अर्कोतिर हुनेछ




भने यो घटनालाई मानवीय त्रुटी मानिने विषय प्रचारमा आएको छ ।

अवकाशप्राप्त कर्मचारीले २ वर्षपछि मात्र पाउने निर्णयलाई जालझेल गरेर संशोधन गरिएको थियो । सबैको मत छ, यसमा सही गर्ने अध्यक्ष रामहरि खतिवडा जिम्मेवार हुनुपर्छ । तर यस प्रकारको 'गम्भीर त्रुटि' ठहर भइसकेपछि पनि कोही दोषी नदेखिनु दुर्भाग्य हो । माओवादीका माधव सापकोटा, रास्वपाका गणेश पराजुली र राप्रपाका रोशन कार्कीसमेत प्रष्ट बोलिरहेका छैनन् ।

निम्छरो छानबिन समिति किन बनाउनु परेको भन्ने प्रश्न उठेको छ ।

## भारतमाथि कर, नेपालमाथि असर



अमेरिकाले शुक्रवारदेखि भारतबाट आयात हुने सामानमाथि २५ प्रतिशत ट्यारिफ लगाउने निर्णय गरेको छ । नेपाल भारतवीचको खुला सीमा र नेपालको ८५ प्रतिशत व्यापार भारतसँग हुने भएकाले भारतमाथि अमेरिकी कर नीतिले भारतमा त प्रभाव पर्छ पर्छ, नेपालमाथि कुन हदसम्मको प्रभाव पार्ला भन्ने तरङ्ग चलेको छ ।

अमेरिकाले भारतलाई रूसी तेल र हतियार खरिद गर्ने सूचीमा राखेको छ । रूससँग बढी मित्रता राख्ने र रूसी सहयोगी लिने सबै राष्ट्रमाथि अमेरिकी राष्ट्रपति ट्रम्पले दण्ड दिने भनेका छन् ।

अमेरिका-भारतवीच ट्यारिफ बिबादका कारण भारतसँग सीमा जोडिएका र प्रत्यक्ष व्यापार गर्ने देशहरूलाई प्रभाव पार्नेछ । प्रभाव कुन हदको हुनेछ, यसमा बहस चलेको छ ।

यथार्थमा १८८० किलोमिटर खुला सीमा भएको र नेपालमा आत्मनिर्भरतायुक्त दैनिकी सामानको अभाव हुने कारण नेपाल भारत निर्भर राष्ट्र भन्दा पनि फरक पर्दैन । नेपालको बजेटभन्दा ठूलो आकारको विदेशी व्यापार २० खर्ब माथिको छ र त्यसमा अधिकांश भारतसँग व्यापार हुनेगर्छ । नेपालले ३ खर्बको निर्यात गर्दा २० खर्बको आयात गर्ने आँकडा सार्वजनिक भएका छन् । यसमा अधिकांश व्यापार भारतसँगै हुनेगर्छ । उत्तरको छिमेकी चीनसँग करिव ४ खर्बको र अन्य मुलुकसँग नगण्य व्यापार हुनेगरेको छ ।

आर्थिक विश्लेषकहरू भन्छन्- नेपालको भारत निर्भर अर्थ कारोवार हुने गरेकाले अमेरिकाले लगाएको २५ प्रतिशत ट्यारिफको असर नेपाललाई पर्ने निशिचत छ । अमेरिकाले लाभ हुने व्यापारिक साझेदार मुलुकलाई १० प्रतिशत मात्र ट्यारिफ लगाएको छ । नगण्य व्यापार हुने नेपालजस्ता मुलुकलाई पनि १० प्रतिशत नै ट्यारिफ लगाएको छ । अमेरिकाको व्यापारिक साझेदार करिव ४० मुलुकसँग व्यापार घाटा भएकाले १५ देखि २५ प्रतिशत ट्यारिफ लगाएको हो । पाकिस्तानलाई भने १९ प्रतिशत लगाएको छ । अमेरिकी ट्यारिफ नीतिले विश्वभर तहल्का देखिन्छ । चीन, मेक्सिको, क्यानडाजस्ता अत्यधिक व्यापार हुने मुलुकहरू वार्तामै छन् भने युरोपियन युनियनसँग सम्झौता भएको खबर छ ।

अर्थविद भन्छन्- भारत र चीनले नपाएको निर्यातमा सुविधा नेपालले पाएको छ । हस्तकला, कपडा र कृषिजन्य उत्पादनमा नेपाललाई चीन र भारतको प्रतिस्पर्धी बनाउन सक्छ । यो अवसरको सदुपयोग गर्न परिपक्व अर्थनीति आवश्यक छ । नेपालले पूर्वाधार सुधार, व्यापार संरचनालाई चुस्त बनाउन र लगानी तान्न नसके यो अवसर गुम्न सक्नेछ ।

२५ प्रतिशत ट्याक्स लाग्ने भएपछि भारतमा आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न गाह्रो हुनेछ भने भारतले नेपालमा पेट्रोलियम, खाद्य, इस्पात, मसिनरी, सवारी आपूर्ति गर्ने हुँदा अमेरिकी उच्च ट्यारिफ सामना गर्नेहरू प्रभावित हुन्छन्, नेपाल दुस्प्रभावमा पर्छ । अमेरिकी नीति नेपालका लागि अवसर र चुनौती दुवै हो ।



# अर्थतन्त्रको मेरूदण्ड उद्योगबिना सम्भव छैन

**रमेशकुमार बोहोरा–**

राष्ट्रको प्रमुख चुनौतीमध्ये रोजगारी अभाव सबैभन्दा गहिरो समस्या हो । प्रत्येक वर्ष हजारौं युवाशक्ति विदेशिने क्रम बढ्दो छ तर त्यसको मूल कारणमा सरकारको योजनाविहीन नीति, उद्योगविहीन आर्थिक ढाँचा र स्थानीय रोजगारी सिर्जनाप्रति उदासीनता स्पष्ट देखिन्छ । नेपालजस्तो कृषिप्रधान देशमा समेत उत्पादनमूलक उद्योगहरू स्थापना नहुनु दुःखद छ । विगत दुई दशकको तथ्यांक हेर्दा स्पष्ट हुन्छ सरकारले उद्योगलाई प्राथमिकता दिएको छैन ।

वास्तविकता के हो भने हाम्रो देशमा रोजगारीको पर्याय बनेको छ वैदेशिक श्रम बेरोजगारीको यस्तो भयानक अवस्थाबाट देश गुज्रिरहेका बेला सरकारले यसको समाधान खोज्ने गम्भीर प्रयास गरेको देखिँदैन । सन् २०२५ को प्रारम्भसम्म आएको उद्योग विभागको विवरणअनुसार बागमती प्रदेशमा मात्रै करिब ४९३ उद्योग दर्ता भएका छन् तर अन्य प्रदेशहरूमा त्यसको तुलनामा अत्यन्तै न्यून संख्या छ । कोसी, मधेस र गण्डकी प्रदेशमा मात्र १९-१९ लुम्बिनीमा २५ र सुदूरपश्चिममा जम्मा ६ उद्योग दर्ता भएका छन् । यो सुखद तथ्याङ्क होइन ।

अधिकांश उद्योगहरू राजधानी केन्द्रित छन् । त्यसमा पनि उत्पादन होइन आयातमा आधारित थोक डिलरहरू, प्याकेजिङ उद्योग वा परिष्कृत वस्तुका सीमित कारोबार मात्रै छन् । बाँकी क्षेत्रहरूमा चाहिँ उद्योगको नाममा काम चलाउ प्रयास मात्रै छन् । सरकारले “स्वदेशमै रोजगारी सिर्जना गर्ने’ भनेर बारम्बार घोषणा गर्ने गरे पनि त्यसको कार्यान्वयनमा शून्यता देखिन्छ । उदाहरणका लागि नेपालमै एक दशकभन्दा बढी समयदेखि घोषणा गरिएको मल कारखाना अहिलेसम्म खुल्न सकेको छैन । मलको अभाव हुन्छ, सरकार आश्वासन दोहोर्‍याउँछ ।

उद्योगको विकासले अर्थतन्त्रलाई मात्र होइन रोजगारी सृजनालाई समेत बल पुर्‍याउँछ । चामल, तोरी, गहुँ, सुर्ती, तरकारी, फलफूल यी सबैका उद्योगहरू निर्माण गर्न सकिने देशको क्षमता हुँदाहुँदै पनि त्यसमा लगानी र नीतिगत प्रोत्साहनको खडेरी देखिन्छ । कृषिमा आधारित उद्योग स्थापना गरेर स्थानीय कच्चा पदार्थलाई प्रयोग गर्दै उत्पादनमा रूपान्तरण गर्ने रणनीति अपनाइएको भए हामीले करोडौं रकम खर्च गरेर छिमेकी राष्ट्र भारत र चीनजस्ता मुलुकबाट आयात गर्नुपर्ने अवस्था रहने थिएन । सरकारी व्यवहार आयातमुखी रहेको छ ।

अर्को पक्षमा हेर्दा सरकारी तन्त्रको ढिलासुस्ती र कर नीति उद्योगहरूका लागि बाधक बनेको छ । हाल सञ्चालनमा रहेका उद्योगहरूले स्थानीय, प्रदेश र संघ तीनवटै सरकारबाट कर तिर्नुको अभाव, झन्झटिलो प्रक्रिया, अनावश्यक जाँच पास प्रणाली, आयात निर्यातको पेचिलो अनुमति प्रक्रिया, यी सबैले औद्योगिक वातावरणलाई असहज बनाएको छ । सहज बनाउनतिर राज्य देखिदैन ।

अहिले नेपालमा उत्पादन हुने मुख्य वस्तुहरू चिनी, चामल, इँटा, सिमेन्ट, चप्पल, जुटका सामान प्रति बजारमा माग छ तर ती उद्योगको उत्पादन क्षमतामा गिरावट आएको देखिन्छ । यो गिरावटको मूल कारण भनेकै कच्चा पदार्थको आयातमा निर्भरता, ऊर्जा संकट, पूर्वाधार अभाव र बजार व्यवस्थापनको कमजोरी हो । खासगरी ऊर्जा संकट अधिकांश उद्योगको मर्ममा परेको चोट हो । सुविधा र पूर्वाधारको अभावले उद्योगहरू धराशायी बन्दै गएका छन् ।

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन २०७६ लागू गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नगर्दा यसको प्रभाव सीमित बनेको छ । उद्योगमैत्री वातावरण निर्माण गर्ने भनिएको कानुनलाई व्यावहारिक जीवनमा रूपान्तरण गर्न सरकार असफल देखिएको छ । ऐन बनाउनु मात्र पर्याप्त होइन त्यसको कार्यनयनमा इच्छाशक्ति, प्रशासनिक दक्षता र लगानीमैत्री संरचना आवश्यक पर्छ । विडम्बना नीति बनाउने र त्यसलाई लत्याउने परम्परा नै विकास भएको देखिन्छ ।

यसै सन्दर्भमा एक महत्वपूर्ण प्रश्न उठ्छ के सरकार वास्तवमै उद्योगको विकास चाहन्छ ? यदि चाहन्छ भने किन प्रत्येक वर्ष सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उद्योग स्थापना सम्बन्धी लक्ष्य तोक्दैन ? किन प्रदेशस्तरीय पूर्वाधार योजनाहरूमा उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिइँदैन ? किन ऋण लिन चाहने साना उद्योगीहरू साखमा समस्या भएर बिचौलियाको सहारामा जानुपर्ने स्थिति आउँछ ? यी प्रश्नहरू सरकारी गम्भीरताको परीक्षण गर्ने कसौटी हुन् । दुर्भाग्यवश यी प्रश्नहरूको उत्तरको अत्तोपत्तो छैन । उद्योगको विकाससँगै राज्यले कृषि, सेवा, पर्यटन, ऊर्जा र पूर्वाधारमा समेत गुणात्मक सुधार ल्याउन सक्छ । उदाहरणका लागि साना किसानहरूलाई उत्पादनपछि उत्पादित वस्तु बिक्रीका लागि बजार र मूल्य सुनिश्चित गर्न सक्ने उद्योगिक संयन्त्र बनाइयो भने कृषिमा युवाको आकर्षण बढ्न सक्छ । आज लाखौं रोपनी जमिन बाँझो छ किनभने किसानलाई न मल छ न औजार न प्रविधि न त मूल्यको निश्चितता ।

नेपालमा श्रमको सम्मान गर्ने परिपाटी कमजोर रहेको तथ्य पनि स्वीकार गर्नैपर्छ । यही मानसिकता प्रवृत्तिका कारण युवाहरूले कृषि, निर्माण, सेवा जस्ता क्षेत्रमा काम गर्न चाहँदैनन् । कामको आधारमा हैसियत तोक्ने समाजिक दृष्टिकोणले उत्पादनमुखी श्रमको अवमूल्यन गरेको छ । पश्चिमी देशहरूमा जस्तो “सजिलो अप्ठ्यारो होइन काम काम हो’ भन्ने भावनाको विकास हुनै सकेको छैन ।

यो समस्याको समाधान भनेको लामो अवधिको योजनाबद्ध दृष्टिकोणबाट आउन सक्छ । राज्यले प्रदेशगत रूपमा प्रत्येक वर्ष कम्तीमा एक ठूला उद्योग स्थापना गर्ने नीति लिने हो भने एक वर्षमा ७ वटा प्रमुख उद्योग स्थापना गर्न सकिन्छ । यस्ता उद्योगले सयौं श्रमिकलाई प्रत्यक्ष रोजगारी दिनेछन् भने अप्रत्यक्ष रूपमा हजारौंलाई रोजगारी दिने छन् । उद्योगको विकासले व्यापार घाटा घटाउने मात्र होइन निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्छ । आज नेपालमा २ खर्बभन्दा बढीको वार्षिक व्यापार घाटा रहेको छ । समष्टिमा व्यापार घाटा २७ खर्ब नाघि सकेको छ ।

अर्को महत्वपूर्ण पक्ष उद्योगमा लगानी गर्न चाहनेहरूका लागि वातावरण बनाउन सरकार पूर्णरूपमा चुकिरहेको छ । लगानीमैत्री संरचना भनेको न त केवल नीतिमा उल्लेख हुनु हो न त बोर्ड गठन गर्नु मात्र हो त्यसको व्यवहारिक कार्यान्वयन हुनुपर्छ । उद्योगीले सहज ऋण पाउनुपर्छ, प्राविधिक सहयोग पाउनुपर्छ, कर छुट वा अनुदान पाउनुपर्छ । तर नेपालमा उद्योग स्थापना गर्न खोज्नेले पहिला डोजर किन्ने होइन भ्रष्टाचार हटाउने उपाय खोज्नुपर्छ भन्ने ठट्टा गर्नु पर्ने अवस्था छ ।

अन्ततः प्रश्न उठ्छ के नेपाल सरकार उद्योग स्थापना र विकासप्रति गम्भीर छ ? जवाफ अहिलेको अवस्थालाई हेर्दा छैन भन्नैपर्छ । राजनीतिक अस्थिरता, स्पष्ट नीति अभाव, कार्यान्वयनमा कमजोरी, प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचार यी सबैले उद्योग स्थापनाको सपना अधुरै बनाइरहेका छन् । युवाहरू देशभित्र काम गर्न चाहन्छन् तर अवसर छैन । उद्योग सञ्चालनमा समस्या अनेक रहेका छन् ।

विकासमा साँच्चिकै चासो राख्ने हो भने हरेक वर्ष एक ठूला उद्योग स्थापना गर्ने नीति लिई त्यसमा संशाधन केन्द्रित गर्नुपर्छ । त्यसका लागि प्राविधिक जनशक्ति उत्पादन, पूर्वाधार निर्माण, वैदेशिक लगानी भित्र्याउने वातावरण, श्रम सम्मान गर्ने शिक्षा र भ्रष्टाचार विरूद्धको कठोर नीति लागू गर्नुपर्छ । बेरोजगारी हटाउन, आर्थिक विकास, वैदेशिक रोजगार विस्थापन र व्यापार घाटा न्यूनीकरण गर्न चाहिने एउटै माध्यम हो उद्योगको विकासमा सुशासनको नीति । राजनीति र प्रशसानको इमान्दार कार्यशैली । यस्तो प्रतिवद्धता किन आउन सक्दैन ?

(लेखक :- अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ )

# बिबादको घेरामा परेको मिडिया काउन्सिल विधेयक



**डा. केशव देवकोटा**

सरकारले संसदमा पेश गरेको मिडिया काउन्सिल विधेयक चरम बिवादमा परेको छ । सबैतिरबाट सो विधेकय फिर्तागर्न वा गहन ढंगले आमूल परिमार्जन गर्न/गराउन माग भैरहेको छ । खासगरी झण्डै आठबर्षअघि तत्कालीन सञ्चारमन्त्रि गोकुल बास्कोटाको कार्यकालमा सो विधेयक अगाडि बढाउन खोजिएको थियो । जुन विधेयकका बिषयबस्तु अमेरिकी मिडिया काउन्सिलसँग हुबहु मिल्दो भएको र लाखौं जरिवानाको प्रावधान राखेर नेपालको सञ्चार क्षेत्रलाई निरुत्साहित गर्नखोजेको भन्दै त्यतिबेला नै बिरोध भएको थियो । पछिल्लो समयमा नेपालमा राजनीतिक ब्यवस्थाकासाथै संविधान र ऐन, कानूनसमेत अमेरिकासँग मिल्दोजुल्दो बनाउने अभ्यास हुँदैआएको छ । जसको राजनीतिक कारण रहेकाले त्यसबारे यो लेखमा चर्चा नगरौं । खासमा मिडिया काउन्सिल जुन भनिएको छ, त्यो नामनै गलत छ । त्यसलाई नेपाली अनुकूल बनाउन आवश्यक छ । यसअघि लामो समयदेखि प्रेस काउन्सिल भनिएका कारण त्यो सबैका माझ प्रचलनमा रहेको छ र त्यसलाई परिवर्तन गरिरहनुपर्ने कुनै आवश्यकता देखिएको छैन । प्रेस काउन्सिल प्रेस अर्थात सञ्चार जगत, पाठक र सरकारकाबीचमा समन्वय गर्न/गराउन सन्तुलित भूमिका खेल्नुपर्ने संस्था हो । तर पञ्चायत कालदेखि नै सो संस्थालाई सरकारले आफ्नो पक्षमामात्र प्रयोग गर्ने/गराउने प्रयास गरेका कारण निरन्तर बिवाद हुँदैआएको हो । सरकारी लगानी र सरकारले गठनगर्ने भएका कारण केही सरकारी गन्ध देखिनु स्वाभाबिक छ । तर संसारभर प्रेस काउन्सिलको अभ्यास भएका कारण नेपालले मात्र अलग ढंगले अभ्यासगर्ने प्रयासगर्नु राम्रो होइन । नेपालमा प्रेस काउन्सिल ( सरकारी भाषामा मिडिया काउन्सिल ) सँग मिल्दा जुल्दा संस्था मेडिकल काउन्सिल र लयर्स काउन्सिल समेत रहेका छन् । सरकारले मिडिया काउन्सिलको गठन र त्यसको कार्यबिधि तोक्दा उक्त दुई संस्थाको कार्यबिधिलाई पनि ध्यान दिनु उचित हुन्छ । गत हप्ताहरुमा काठमाडौंमा मिडिया काउन्सिलको बिषयलाई लिएर बिभिन्न छलफलहरु भएका देखिए । प्राय: सरकारी पत्रकार र बिज्ञहरुलाई समाबेश गरेर गरिएका छलफलहरुमा समेत प्रस्ताबित मिडिया काउन्सिल विधेयक जस्ताको तस्तै पारित हुनुनहुने कुरा उठेको थियो ।

प्रमुख प्रतिपक्षी दल सम्बद्ध प्रेस सेन्टरले उक्त विधेयकमा आमूल परिवर्तन र परिमार्जन गर्नुपर्ने भन्दै बिभिन्न सुझावहरु अगाडि सारेको छ । यसअघि कतिपय अवस्थामा टेलिभिजन पत्रकारलाई समेत बिद्युतीय कारोवार ऐन अनुसार दण्डित गरिएका कारण मिडिया काउन्सिलका नाममा सबै किसिमका पत्रकार र सञ्चार माध्यमलाई एउटै डालोमा हाल्न मिल्ने देखिएको छैन । त्यसमाथि पनि छापा माध्यममा भारी गिरावट आएको र सरकारले सामाजिक सञ्जाल र सञ्चार माध्यमका बीचमा भेद छुट्याउन नसकिरहेकाले मिडिया काउन्सिलको आवश्यकता र औचित्यमाथि नै प्रश्न उठेको हो । मिडिया काउन्सिल वा प्रेस काउन्सिल जे भनिएपनि त्यसमा पदाधिकारी मनोनयनगर्दा छापा, रेडियो, टेलिभिजन र अनलाइन लगायतबाट अलग, अलग सदस्यहरु राख्नुपर्नेमा पार्टीगत भागबण्डाका आधारमा सदस्यहरुको मनोनयन गर्ने गरिएको छ । त्यसमा पनि प्रकाशक/सञ्चालक र स्तम्भकारको समेत अलग ब्यवस्था हुनुपर्ने देखिएको छ । जसलेगर्दा प्रेस काउन्सिल स्वतन्त्र र निष्पक्ष हुननसकेको भन्ने आवाज उठेको हो । पछिल्लो समयमा सञ्चार माध्यमहरु खासगरी अनलाइन सञ्चारको दर्ता र नियमनसम्बन्धी नीतिमासमेत गंभिर प्रकृतिका त्रुटीहरु देखिएका छन् । दोहोरो दर्ताका कारण बिभिन्न झमेलाहरु देखिएका छन् । छापाखाना तथा प्रकाशन ऐन, रेडियो ऐन, अनलाइन सञ्चार ऐन लगायतका अलग, अलग ऐनको ब्यवस्था गरेर प्रेस काउन्सिल वा मिडिया काउन्सिल ऐनले संयोजनकारी भूमिकामात्र निर्वाह गर्नुपर्नेमा अन्य ब्यवस्था गरेर बिभिन्न किसिमका भ्रमहरुको सिर्जना गराउन खोजिएको स्पष्ट छ । छापा माध्यमकोमात्र बर्गिकरण गरेर सञ्चार संस्थाहरुका बीचमा पनि बिवादको सिर्जना गराउने प्रयास गरिएको छ । खासमा हालको अवस्थामा पत्रपत्रिकाहरुको बर्गिकरण गरिरहनुको कुनै औचित्य छैन । पत्रत्रिकाहरुलाई सरकारले दिने लोककल्याणकारी बिज्ञापन किसिमका आधारमा दिने पुरानै प्रचलन बढी ब्यवहारिक र न्यायसंगत देखिएको छ । त्यसैगरी यातायात ब्यवस्थालगायतका अन्य सेवा ब्यवसायमा नभएका ऐन नियमहरु लागू गरे/गराएर सञ्चार क्षेत्रलाई बिभिन्न भन्झटमा अल्झाउने प्रयास गरेको देखिएको छ । जस्तो अन्य सबै क्षेत्रले श्रम ऐनको प्रयोग गरिरहेको अवस्थामा सञ्चारमामात्र श्रमजिवी पत्रकार ऐन अलग बनाएर सञ्चारमा लगानी गरिरहेका र ब्यवस्थापकीय भूमिकामा रहेकाहरुलाई अंकुश लगाउने प्रयास गरिएको छ ।

सञ्चारमाभन्दा बढी श्रमजिवीको प्रयोग हुने यातायात क्षेत्रमा चालक र सहचालक ऐन किन बनाइएन ? उद्योगहरुमा अलग्गै मजदूर ऐन किन भएन ? यि र यस्ता धेरै बिवादहरु रहेका छन् । जसकाबारेमा यो सानो लेखमा ब्याख्या र बिश्लेषणगर्न असंभव छ । सञ्चारलाई कुनैपनि देशको राजनीतिक ब्यवस्था र सरकारको ऐना मान्ने गरिन्छ । कुनैपनि देशको राजनीतिक ब्यवस्था र त्यसका सञ्चालकहरु प्रजातान्त्रिक छनकि छैनन् भन्नेकुरा सञ्चार क्षेत्रलाई हेरर पत्ता लगाउने चलन छ । तर नेपालमा सरकारमा रहेकाहरुको हरप्रयास सञ्चार क्षेत्रलाई कसरी सुबिधा र सहुलियत दिएर मर्यादित र प्रभावकारी बनाउने नभएर कसरी नियन्त्रणगर्ने भन्नेमै बढी केन्द्रित रहँदै आएको छ । राष्ट्रियसभामा उत्पतिभइ त्यस सभा र मातहतको संसदीय समितिमा समेत छलफल भएर मिडिया काउन्सिल विधेयक गत असार ३१ गते प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा प्रवेश पाएको देखिएको थियो । स्वतन्त्र र स्वायत्त संस्थाकारुपमा रहनुपर्नै मिडिया काउन्सिलको गठन र यसका पदाधिकारीहरुको छनोट स्वतन्त्र प्रकृतिको बनाइनुपर्ने विज्ञहरुको सुझाव रहेको छ । विधेयकमाभने मन्त्रालयका सचिवको संयोजकत्वमा सरकारले तोकेका विज्ञ सदस्य एकजना र मन्त्रालयकै सहसचिवसमेतको तीन सदस्यीय सिफारिस समिति रहने व्यवस्था प्रस्ताव गरिएको पाइन्छ । जम्मा ३७ दफा रहेको उक्त विधेयकमा काउन्सिलका पदाधिकारी चयन सिफारिस कस्तो र कसको नेतृत्वमागर्ने भन्नेबारेमा खासगरी पत्रकारहरुको बढी चासो रहेको देखिएको छ । विधेयकमाथि १८ समूहमा ३२ सदस्यले संशोधन दर्ता गराउनुभएबाट पनि उक्त विधयक धेरै त्रुटीपूर्ण रहेको आफैमा स्वतह सिद्ध हुन्छ । विधेयकका संशोधनकर्ता अधिकांशले काउन्सिल र पदाधिकारी छनोट समिति सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहत रहनु हुन्नभन्ने तर्क गरेको पाइन्छ । संसदीय समितिले विधेयकका सम्बन्धमा अग्रज सञ्चारकर्मी, सञ्चारका संघसंस्थाका प्रतिनिधि, विज्ञ र सरोकारवालासँग हालैमात्रै परामर्शसमेत गरेको थियो ।

सो परामर्शमा पनि मिडिया काउन्सिल स्वतन्त्र र स्वायत्त निकायकारुपमा स्थापितगर्न सरकार मातहत नराखी अलग्गै राखिनुपर्ने सुझाव आएको पाइएको छ । नागरिकलाई सही सूचना प्रवाहगर्ने सन्दर्भमा कुनै समाचार संस्थाबाट पनि कहींकतै कमीकमजोरी भएको रहेछभने त्यसलाई सच्याएर नागरिकलाई सूसूचितगर्ने अधिकार सुनिश्चित गर्ने/गराउने दायित्व प्रेस ( मिडिया) काउन्सिलको हुनुपर्छभन्ने कुरामा बिवादगर्ने ठाउँ छैन । सञ्चार माध्यममा उठेको बिवादको सुनुवाईगर्ने अधिकार भएको स्वतन्त्र संस्था सरकारको मातहत गएमा निर्देशित पत्रकारिता हुने कतिपयको भनाई छ । प्रचारमा आएअनुसार मिडिया काउन्सिल विधेयकमा काउन्सिलको गठनमा सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष, मन्त्रालयको प्रथम श्रेणीको अधिकृत, पत्रकार महासंघको अध्यक्ष, छापा पत्रकारिता, अनलाइन, रेडियो, टेलिभिजनका प्रकाशक, सम्पादक तथा श्रमजीवी पत्रकारको प्रतिनिधित्व हुनेगरी प्रत्येक प्रदेशबाट एकजनाका दरले कम्तिमा तीनजना महिला रहनेगरी सात जना तथा सञ्चारमाध्यमका पाठक, दर्शक, श्रोताको प्रतिनिधित्व हुनेगरी एक रहने प्रस्ताव गरिएको पाइएको छ । सिफारिस समितिमा सार्वभौम सम्पन्न संसदको प्रतिनिधित्व वा स्वतन्त्र निकायको नेतृत्व रहनुपर्छ भन्नेमा सरोकारवालको जोड रहेको पाइन्छ । संसदीय समितिले विधेयकमाथि सैद्धान्तिक छलफल सकेर संशोधनकर्ता सदस्यको धारणा र सुझावसमेत प्राप्त गरिसकेको भन्ने कुरा छन् । विधेयकमाथि संशोधनकर्ता, सरोकारवाला र विज्ञसँग छलफल गर्ने तथा उपसमिति गठन गर्ने काम सकिएको भनिएको छ । काउन्सिल गठन र पदाधिकारी सिफारिस समितिका विषयमा संसदको मातहत रहनुपर्छ भन्ने कोणबाट पनि प्रश्न उठेको पाइएको छ । सो संस्थालाई स्वायत्त र स्वतन्त्र बनाइनुपर्छभन्ने धेरैको धारणा छ ।

काउन्सिललाई नियमन, अनुगमन र निर्देशगर्ने काम संसदीय समिति र सदनलेगर्न उपयुक्त हुने पनि कतिपयको धारणा छ । संसदीय समितिले विधेयकलाई यथाशीघ्र निष्कर्षमा पुर्‍याउन उपसमितिमार्फत काम अघिबढाउने प्रयास गरेको देखिएको छ । भनिन्छ उपसमितिले कार्य प्रारम्भ गरेको मितिले १५ दिनभित्र समिति समक्ष प्रतिवेदन पेश गरिसक्नुपर्ने छ । केही दिनभित्रै बस्ने उपसमितिको बैठकमा सबैभन्दा पहिला विधेयकमाथि दफाबार छलफल हुने पनि भनिएको छ । सरकारले समयसापेक्ष विद्युतीय, अनलाइन र छापा पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वासनीय बनाइ स्वच्छ र स्वतन्त्र पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउने होभने मिडिया काउन्सिलको नामबाटै परिमार्जन थाल्नु बढी उपयुक्त हुने छ । हाल जस्तो विधेयक अगाडि बढाइएको छ, त्यसैलाई पारितगर्ने होभने सञ्चार क्षेत्र अस्तब्यस्त हुने छ, त्यसले सरकार र सञ्चार क्षेत्रकाबीच टसल गराउने छ । देशको बस्तुस्थिति, जन चाहनालाई ध्यानमा राखेर सञ्चारसम्बन्धी ऐन कानून र नीति नियम बनाउने प्रयास हुनुपर्दछ ।

सुरक्षित पानी, स्वस्थ जीन्दगानी
सफा रहौं, स्वस्थ बनौं

पानीजन्य रोग र सरसफाइको कमजोर अवस्थाबाट बच्न खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तपसिलका क्रियाकलाप प्रवर्द्धन गर्नुहुन अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऔं, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऔं ।
- ट्वाइलेटको वरीपरी सफा राखौं, दैनिक रुपमा ट्वाइलेट सफा गरौं ।
- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, र चर्पी नियमित सफा राखौं ।
- दिसा गरेपछि, बच्चाको दिसा छोए पछि, खाना पकाउनु र खानु अघिपछि, फोहोर छोएपछि, बिरामीको हेरचाह पछि साबुन पानीले हात धुने एवं धुन लगाऔं ।
- बाहिर निस्कँदा नाक मुख राम्ररी छोपिने गरी अनिवार्य मास्कको प्रयोग गरौं ।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं ।
- घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीका स्रोत, पोखरी, ताल तलैया, नदी, सामुदायीक वातावरण सफा राखौं ।

पानी जीवन हो, सरसफाइ संस्कार

खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

## मुक्तक लेख्ने प्रयासहरू – भेट्न मन लाग्छ बरै कोरोनाको डर



तिमीलाई देख्दाचैँ नैरास्यता मेरो भाग्छ
तिमीलाई चैँ प्रिया कति माया मेरो लाग्छ
बिन्ती, सधैंभरी मेरै वरिपरिनै आई देउ है
तिमीनै भयौ भने जिजिबिसा मेरो जाग्छ !

**- पवनकुमार बुढाथोकी**



फागु किन ढिलो आयौ वृक्षले पाउलो फेरेपछि
चौबन्दीको तुनाहरूलाई हरियो रंगले बेरेपछि
चैते हावा हुरीले उजाडिएको धर्तीमाको मुहारमा
साथ दिन बैशाखले हिंड्ने साइत हेरेपछि ।

**- गीताश्री शर्मा, सिक्किम**



आजकल के छ भनि, सफर सोध्नेलाई के सुनाउँ
सहरमा बस्ने गाउँको रहर, सोध्नेलाई के सुनाउँ
पौरखी पाखुरी जहाँ पुग्छ, त्यही काम-माम पाउँछ
सीप सिकाउँदैछु है यता, खबर सोध्नेलाई के सुनाउँ ?

**- बालकुमार क्षेत्री**



सुस्त पाइला सारी तिमी आउन थाल्यौ
दिल भित्र सुटुक्क पसी पूरा छाउन थाल्यौ
प्रेम शब्द घृणा लाग्थ्यो दुनियाँको नाटक हेर्दा
पत्थर जस्तो मुटु आज पानी बनाउन थाल्यौ

**- निमा डीसी**



भेट्न मन लाछ बरै कोरोना को डर
मनको कुरा खोल्नु थियो भयौ परपर
तिम्रो मुहारको पीडा पढ्छु हुन्छ गारो
हुन मन छ माटो र ढुङ्गा झैं भर ।

**- लीला दाहाल**



लुट्नेहरूले देश सदा सर्वदा लुटिरहेकै छन्
भोकभोकै जनता सडकमा कुदिरहेकै छन्
राजनैतिक खिचातानीले फरक नपार्दो रैछ,
अवसरवादीका खेती लहलह झुलिरहेकै छन् ।

**- प्रकाश घायल**



तमाशा त हाम्रो देशको राजनीति हुँदैछ,
दर्दनाक अबस्था पनि जातिबीती हुँदैछ
कसरी पचाउला गरीबी पसिना राक्षशले,
नेताहरूको कु नीतिले यो दुरगती हुँदैछ ।

**- सुरेशकुमार पाण्ड**



तिम्रो खुशीमा छायाँ भर्ने बादल बन्नुछैन मलाई
बिना सुरताल आवाज छर्ने मादल बन्नुछैन मलाई
माया छैन तिमीलाई सधैं उसले भनि रहँदा पनि
उसैको यादमा घायल पर्ने पागल बन्नुछैन मलाई ।

**- बिकाश कठेत, असम**



सडक पेटीमा यत्रतत्र फालिएका छन् हिंसा
भित्रभित्रै कति अचेल गालिएका छन् हिंसा
उधिनिउन् सबै हिंसा न्यायको फालीले अब
पावर र पैसाले कति टालिएका छन् हिंसा ।

**- गंगा दहाल**



सडकमा वाल-वालिका धुलो खेल्दै रम्छन्
अधिकारको कुरा गर्ने तारे होटल जम्छन्
चप्पल उठाई सेल्फी खिच्ने निर्दोष यी देख्दा
टिठ लाग्छ सरकारमा बस्नेहरू नारामा गम्छन्

**- अम्बिका अधिकारी**

## म श्रद्धाञ्जली दिन सक्दिन



लघु कथा -

मृगतृष्णा चिन्तामणि गाउको चौतारो तर्फ जादै थियो। मुस्कान लाइ झ्यालबाट कतै जिज्ञासा पुर्बक हेरी रहेको देख्यो । मुस्कान -कता के हेर्दैछौ चिन्तामणि ? चिन्तामणि - ए मुस्कान हेर न त्यहा दुइ हुल मानिस यता उता भौतारी रहेका मुस्कान -ए म चिन्छु नि तिनीहरूलाई सधै देख्छु म त चौतारोमा तिनीहरूलाई चिन्तामणि - मुस्कान भन त् मलाइ पनि को हुन् तिनीहरू तिमी चिन्छौ भने मुस्कान - सुन चिन्तामणि त्यो एक हुल हो सम्पतिमा नै बास्तबिक जीवन छ भन्दै सम्पति खोज्न भौतारिएर दौडीएका तिनीहरूलाई ध्यान योगको चासो छैन आर्जनको हिसाबमानै मस्त रहेका अनि अर्को हुल हो प्रसस्त सम्पति भएका तर बास्तबिक जीवन के हो भनेर खोज्दै छानी छानी गुरू खोज्दै ध्यान योग गरेर शान्ति निम्त्याउन हिंडेका चिन्तामणि - ओह त्यसो पो हो अनि त्यहि कुनामा सूचना पाटीमा एकजना साधुको भनाइ लेखिएको छ नि त् "मृगतृष्णा हो जीवन' पढेंन छन् र तिनी हरूले ? मुस्कान -हेहेहेहे चिन्तामणि तिमि पनि त्यो कुनामा बेवारिस रहेको शन्देश कसले पढ्ने ? पढे पनि यो भौतिक दुनियाको बन्धनमा फसेको संसारले कसरी बुझ्ने ? एक पछी अर्को आकांक्षा थपी रहन्छ मानिस जीवन मृगतृष्णा हो भनेर सन्तोष रहने जात होइन नि त मानिस, ल म पनि लागे त्यतै है ।



## ईश्वरका फूलहरू

चक्र प्रसाद पोखेल - - - अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरको आयोजनामा कवि तथा अनेसास केन्द्रीय महासचिव राजु सिटौलाद्वारा लिखित कवितासंग्रह 'ईश्वरका फूलहरू' को लोकार्पण सम्पन्न भएको छ । कार्यक्रम राजेन्द्र केसीको अध्यक्षतामा सम्पन्न भएको थियो । अतिथिमा वरिष्ठ साहित्यकार तथा सञ्चारकर्मी डा. नवराज लम्सालले 'ईश्वरका फूलहरू' नेपाली कविताको गाम्भीर्यमा एउटा ताजा भाव र संवेदनाको स्पर्श भएको बताएका थिए ।

विशिष्ठ अतिथि प्राध्यापक डा. खगेन्द्र लुइँटेलले संग्रहमा प्रयोग भएका प्रतीक र शिल्पको प्रशंसा थिए भने प्रा. डा. कृष्णहरि बरालले "सिटौलाका कविता अन्तरात्माको स्पर्श हुन्, जसले पाठकमा गहिरो प्रभाव छोड्छ" भन्ने प्रतिकृया दिए ।

कार्यक्रम अनेसासका पूर्व अध्यक्षता राधेश्याम लेकाली गरेका थिए नभे साहित्यकार लीला लुइँटेल, सुमन वर्षालगायत अन्य स्रष्टाहरूको उपस्थिति रहेको कार्यक्रममा नेपाल च्याप्टरकी महासचिव रन्जना निरौलाले सञ्चालन गरेकी थिइन् ।

नुवाकोटमा जन्मिएका राजु सिटौला हाल अमेरिकामा रहेर लामो समयदेखि नेपाली भाषा, साहित्य र अनेसासको अभियानमा क्रियाशील छन् ।

## संगीत प्रवेशिका पुस्तक



साहित्यिक पत्रकार संघले २०८२ साउन १७ गते ***संगीत साधक परशुरामभक्त माथेमाद्वारा २००३ सालमा लिखित संगीत प्रवेशिका पुस्तक***को परिचर्चा कार्यक्रमको आयोजना सम्पन्न गरेको छ । जेभिएर एकाडमी, लाजिम्पाट, काठमाडौंमा आयोजित सो कार्यक्रममा संघले चर्चित युवा सङ्गीतकार राजु सिंहलाई पहिलोपटक परशु चन्द्र सङ्गीत सम्मानबाट सम्मानित पनि गरेको थियो । सो सम्मान कार्यक्रमका प्रमुख अतिथि पूर्व राजदुत केदारभक्त माथेमा हुनुहुन्थ्यो ।

साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा आयोजित सो कार्यक्रममा **संगीत प्रवेशिका** पुस्तकबारे वरिष्ठ सङ्गीतकारहरू प्रदिप बमजन र संगीता राणा प्रधानले विशेष चर्चा परिचर्चा गर्नु भएको थियो । यसैगरी प्रमुख अतिथि पूर्व राजदुत केदारभक्त माथेमाले संगीत साधक परशुरामभक्त माथेमाको जिवनी र व्यक्तित्वका बारेमा प्रकाश पार्दै माथेमाको योगदानको चर्चा गर्नु भएको थियो ।

सो कार्यक्रममा स्रष्टा हरिश कल्पितले सम्मानित सर्जक राजु सिंहको परिचय गराउनु भएको थियो भने शिक्षक नारायणप्रसाद खनालले परशुरामभक्त माथेमाले माताश्रीको नाममा रच्नु भएको श्रद्धाञ्जली छन्द कविता वाचन गर्नु भएको थियो ।

शिक्षाविद् डा. श्रीराम भक्त माथेले स्वागत मन्तव्य राख्नु भएको सो कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष लेकाली, सम्मानित सङ्गीतकार राजु सिंहले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

वरिष्ठ आख्यानकार पद्ममावती सिंहले सहजीकरण गर्नु भएको सो कार्यक्रममा गायकहरू मथुरा श्रेष्ठ, प्रजाभक्त श्रेष्ठ, अन्ना श्रेष्ठ, सुनन्दा माथेमा, डिसु भण्डारी लगायतले गीतहरू गाउनु भएको थियो । कार्यक्रममा साहित्यकार, संगीतकार, पत्रकारलगायतको उपस्थिति रहेको थियो । स्मरणीय छ, साहित्यिक पत्रकार संघले साहित्यिक कार्यक्रमहरू व्यापक रूपमा आयोजना गर्न थालेको छ ।


## कल्पनाको महल खोतली हेर्दा



*अरूणबहादुर खत्री*

क्रियाशील नारी स्रष्टा मञ्जुश्री के.सी. प्रधान रानुको कल्पनाको महल नामक कथा सङ्ग्रह २०७४ सालमा तेस्रो कृतिको रूपमा प्रकाशित भएको छ । यस कृतिभित्र पूर्णिमा, सानी, कल्पनाको महल, कान्छी काकीको चस्मा लगायत विभिन्न शीर्षकका चौधवटा कथाहरू रहेका छन् । यस सङ्ग्रहभित्रको पूर्णिमा शीर्षकको पहिलो कथामा पूर्णिमा सम्झन्थी उनका जीवनमा धेरै बसन्तहरूले पार गरेको कुरा पूर्णिमालाई थाहा थियो भनिएको छ । विशेष गरी उनी पूर्णिमालाई नै सताउँथे कारण पूर्णिमा आफ्नो ज्यानभन्दा पनि बढी चाहन्थिन् ।

लामो समयदेखि साहित्यिक लेखनमा सक्रिय रहेकी साहित्यप्रेमीहरू माझ चर्चामा आएकी मञ्जुश्री नेपाली साहित्यका पाठकमाझ परिचित लेखिका हुन् । बौद्धिकता र एकोहोरो प्रस्तुतिले यसभित्रका कथाहरू पाठकहरूको दृष्टिमा बोझिलो विषय मानिन्छ । सानी शीर्षकको कथामा सुन्दर जेहन्दार अनि गुलाबको फूल झैँ सानुलाई मन पराउने थुप्रै युवकहरू थिए । पढाइको क्रममा उनलाई धेरैले मन पराए तर उनले एकैजनालाई मात्र मन पराइन् भनेर मञ्जुश्रीले लेखेकी छिन् ।




मञ्जुश्रीको सानैदेखि केही लेखिरहने पढिरहने बानी थियो । उनले बुझेर पढ्थिन् वा नबुझी कोसिस धेरै गर्थिन् । धेरैजसो उनलाई कविता लेख्नतिर मन जान्थ्यो । जीवन एउटा यात्रा हो । यात्राका क्रममा निकै आरोह र अवरोहका क्षणहरू आउँछन् जान्छन् । यही क्रममा मेरो यस कृतिका लेखक मञ्जुश्रीसँग हुन पुग्यो । कान्छी काकीको चस्मा शीर्षकको कथामा मेडिकलवालाले भिटामिन र टाउको नदुख्ने भनेर पेन किलर निकालेर दिए । काकीले थैली खोलिन्, पैसा दिइन् अनि हामी घर फर्क्यौं भनिएको छ ।

मान्छे, जीवन, जगत्, समाज, कला, साहित्य, संस्कृति र लेखक स्वयम् माथिकै नितान्त निजी र पृथक् दृष्टिकोणहरू पनि यहाँ प्रस्तुत भएका छन् । सहज र सरल भाषामा यसभित्र कथाहरू लेखिएका छन् । अन्तिम कर्तव्य शीर्षकको कथामा मेरो मन चार पाँच दिनदेखि गलिरहेको थियो । पुनर्स्थापना केन्द्रमा जान मन लागेको थिएन भनेर मञ्जुश्रीले लेखेकी छिन् ।

लेखनको निरन्तरताको कारणले कल्पनाको महलमा विचारको गहनता र शील्पको उत्कृष्टता एकातिर छँदैछ । प्रस्तुत कथाहरूमा उनका लागि शब्द जाल र टेढोमेढो भाषिक जञ्जालभन्दा पर उनको आफ्नो जीवनशैलीको अनुहार पनि हो । उनले लेखेका कथाहरूमा भाषागत उत्कृष्टता र मिठास प्रशस्तै पाइन्छ । आशाको सपना शीर्षकको कथामा दलालहरू मार्फत उनी साउदी अरब पुगिन् । दुई वर्ष त्यता बसेर उनी साउदी अरबबाट नेपाल फर्किन् भनेर लेखिएका छन् । मञ्जुश्रीका कथामा सरल र शुद्ध नेपाली भाषाको सहज, सरस र स्वाभाविक प्रयोग गरिएको छ । उनका कथाहरू निकै सरल छन् । भाषामा सरलता र प्रस्तुतिमा रोचकताको कारण मञ्जुश्रीको कथाहरू पढ्दा कुनै बेला पनि असजिलो महसुस हुँदैन । जीवनका आरोह अवरोहमा आउने छालहरू किनारामा ठोकिदा पुग्ने होस्, दबाब र मनको उत्सर्गलाई जाककी राखेर परिधी नाघ्न नमिलेको जिन्दगीको अन्तरमनको कथालाई छालसँग दाजिएको छ । गहिरिदा भेद मात्र होइन सम्पूर्णता पाइन्छ । जिन्दगीसँग गुनासो गरेर के गर्नु यथार्थमा गाँसिएका रहरहरू विगतका खण्डहरूभन्दा फरक भए पनि स्मृतिपटलमा धारिलो बनेर आउने यथार्थ यसभित्र मञ्जुश्रीले पस्केकी छिन् । यस कृतिभित्र अत्यन्त उत्कृष्ट, बिम्ब, प्रतीक, शैली र साहित्य अति रोमाञ्चकताले भरिएको छ ।

उनी छोटा छोटा वाक्य तथा वाक्यांश मार्फत जीवनका सन्दर्भलाई कोट्याउने, काव्यात्मक बिम्बको झलक दिने शब्दहरूको संयोजन गर्ने तथा पाठकलाई ताल्ने खालको कलात्मक वाक्य प्रयोग गरी कथा लेख्दछिन् । कल्पनाको महलभित्रका कथाहरूले मूलतः प्रेम र सामाजिक चलनचल्तिका रहनसहनसँग निकटतम् सम्बन्ध राख्दछन् । मञ्जुश्री ती कथाहरू आफ्नै जीवनमा घटेझैँ भन्न खप्पिस छिन् । अनुभूतिपरक ढङ्गले लेखिएका हुनाले पनि यी कथाहरू पाठकको मन छुन सफल छन् । मञ्जुश्रीको योकथा सङ्ग्रह सबै पाठकहरूले पढ्नै पर्छ । मैले यो कृतिलाई दोहोऱ्याएर पढे । यस कृति जस्तै अन्य कृतिहरू पनि आगामी दिनमा प्रकाशित भएर पढ्न पाउने अपेक्षा राखेको छु ।

*कृति: कल्पनाको महल, प्रकाशन: दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष ।*







| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## गणतन्त्र मंगलसेनको घोडा बन्यो

लोकतान्त्रिक गणतन्त्र न लोकतान्त्रिक बन्नसक्यो, न गणतन्त्र गणले अपनाए । यो त नेतातन्त्र बन्नपुग्यो । नवबादशाहीतन्त्र बन्यो । राजनीतिले आत्मसम्मान गुमाएपछि, भ्रष्टाचारमा भैंसी आहाल बसेजसरी बस्न थालेपछि यो पद्धतिलाई करेक्शन गर्ने काम नागरिककै हो, नागरिकले गर्नुपर्छ ।

यो लोकतान्त्रिक गणतन्त्र हो कि मंगलसेनको घोडा ? यो सवालको जवाफ नखोज्ने हो भने लोकतान्त्रिक गणतन्त्रले देशको अस्तित्व मटियामेट बनाउन सक्ने जोखिम बढेर गएको छ । लोकतान्त्रिक गणतन्त्र चल्ने चलाउने नैतिकताले हो, शुद्ध आचरण र नीतिले हो । जब बाहुबली र अपराध मानसिकताको ऐंजेरू पलाउँछ र त्यसको रोकथाम गरिन्न, लोकतान्त्रिक गणतन्त्र हिट्लरको गिलोटिनभन्दा डरलाग्दो हुन्छ । नेपालको सन्दर्भमा १८ वर्षे लोकतान्त्रिक गणतन्त्रमा बाहुबली हावी छ, अपराधिकता हावी छ, व्यभिचार बढेको छ, समानता छैन, निषेध र प्रतिषोधले सीमा नाघेको छ । यथार्थमा यो गणतन्त्र होइन, गन्तन्त्रजस्तो लाग्छ ।

यो स्थिति भनेको गणतन्त मंगलसेनको घोडा बनेको हो । मंगलसेनको घोडा भनेको कमान खुस्किएको अनियन्त्रित घोडा हो । बहुला तरिकाले दगुर्ने घोडा हो, यस्तो घोडाले बिध्वंशमात्र गर्छ, खतरामात्र निम्त्याउँछ ।

मंगलसेनको घोडाको चालमा चलेको हुँदा लोकतान्त्रिक गणतन्त्रमा फोहर बढ्यो । प्रदूषण बढ्यो । राजनीति अपराधिकरण हुनपुग्यो । फोहरी राजनीतिले महाकालीको कुमारित्व, बागमतीको बैंश, गण्डकीको दोहोरी, माटोको महिमा, बुद्धको निर्वाणा, सीमाको शुद्धता, सगरमाथाको पवित्रता, नीति, नैतिकता र चरित्र सबै बिनास हुँदै गएका छन् । यो पद्धतिले राम्रो केही गरेन, सबैतिर फोहर पारिसक्यो । त्यसै नारायण गोपालले गाएनन्- मलाई नसोध कहाँ दुख्छ घाउ ? देश हाँक्नेलाई पटक्कै देश दुखेन ।

१८ वर्ष भयो- यो पद्धति मंगलसेनको बहुला घोडा झैं बेतोडले दौडिरहेको छ । यो घोडा दौडाको मुकाम सिंहदरवार, शितल निवास, संसद र स्वार्थ हो । स्वार्थन्ध भएर दौडनू भनेको पुग्ने अराजकता हो, अन्धघोडा दौडेजसरी दौडेर बिनासमा पुग्नु भनेको मृत्यु हो । मृत्यु यो पद्धति बन्न हुनेथिएन, तर पार्टीको विवेकहीनताले लोकतान्त्रिक गणतन्त मृत्यतन्त्र बन्नपुग्यो ।

जति झक्झक्याए पनि राजनीति गँजडीजस्तो एकोहोरिएर भ्रष्टाचारको नालीमा रमाइरहेको छ । निदाएकालाई ब्यूँझाउन सकिन्छ, निदाएको नाटक गर्नेलाई ब्यूँझाउन सकिन्न । मंगलसेनको पागल घोडा दौडेजसरी दौडिएको यो पद्धति, यी भ्रष्टाचारले डामिएका नेताहरूलाई नियन्त्रण गर्न जनता र युवा जमात ननिस्कने हो भने देशमा जंगलतन्त्र झन झन डरलाग्दो बन्दै जानेछ, यसकारण पनि युवाले सुधारका लागि पहलकदमी गर्नैपर्छ । विश्वकै जेठोमध्येको देश नेपाल, मंगलसेनको फर्मानमा चल्ने झिंझाको जंगल बन्न सक्दैन । लोकतन्त्र ल्याएको, जनताले परिवर्तन खोजेको निरंकूशताको साटोमा झिंझाको जंगलतन्त्र थिएन, नेताहरूले लोकतान्त्रिक गणतन्त्रलाई जंगलतन्त्र बनाइदिए । यस्तो बिकृति र बिसंगतिको विरूद्ध खबरदार गर्ने शक्ति राजनीतिमा सवल देखिएनन् । जसका कारण नव बादशाहहरू झन झन हिटलरी शैली अपनाउन थालेका छन्, कानुनलाई खेलौना बनाउँदैछन् । देशलाई चिहान बनाउने चरित्रहीन नेतृत्वलाई सच्याउने जिम्मेवारी नागरिकको काँधमा आएको छ ।

# नेपालः भूराजनीतिभित्र राजनीति




नेपाल विकासशील राष्ट्र बन्न लागेको छ । आत्मनिर्भरता केहीमा छैन, युवा निकासी र तिनले पठाएको रेमिटान्स अर्थतन्त्र हो । २७ खर्बभन्दा बढी ऋणको भार छ । विश्वले दण्डहीन मुलुक भनेको छ, अमेरिकाले फ्रडकन्ट्र भनिसकेको छ । मानव बेचबिखनको गम्भीर आरोपबाट प्रताडित मुलुक हो । कुशासनले गर्दा विश्वअर्थतन्त्रमा ग्रेलिष्टमा परेको छ । विकासशील भएर के हुन्छ ?

लोकतन्त्र लोकतन्त्रजस्तो छैन, गणतन्त्र गणतन्त्रजस्तो छैन । संविधान असफल भइसक्यो । हरेक पार्टीभित्र अन्तरद्वन्द्व छ । न राष्ट्रिय एकता छ, न राष्ट्रियनीतिप्रति एकमत । यस्तो मुलुक भनेको असफल राष्ट्र हो । असफलताबाट कसरी पारपाउने भन्ने बहस छैन । चिन्ता पनि छैन । मात्र सत्ता, शक्ति, सम्पत्तिको भोक छ, यस्ताले चलाएको पद्धति शिवरात्रिमा देखिने नागाबाबाको नाङ्गोपनबाहेक केही होइन ।

नेपाल रणनीतिक भूभाग हो । खासगरी दुई छिमेकी भारत र चीन आर्थिक र सामरिक रूपमा विश्वशक्ति हुनखोजेपछि नेपालको भूभाग विश्वशक्तिको राडारमा परेको हो । विश्वशक्तिको रणनीतिक मैदान बन्नु नेपालका लागि अवसर थियो, त्यो अवसर उपयोग गर्ने क्षमता नहुँदा नेपाल दुर्भाग्यपूर्ण परिणति भोग्नुपर्ने खतरामा छ । नेपालमा भारत र चीन दुबै नेपालीको मन जित्न, प्रभाव बढाउन र आफ्नो बर्चस्व कायम गर्न परम्परागत रूपमै प्रतिस्पर्धा गरिरहेकै छन् । अब अमेरिका र रूस पनि सशक्त भएर नेपालमा उपस्थित छन् । नेपाल भूराजनीतिको राजनीतिक तापमा तात्तै गएको छ ।

विज्ञहरू भन्छन्- विश्वशक्तिको नेपाल प्रवेशसँगै नेपाल भूराजनीतिको भूमरीमा फस्न पुगेको छ । त्यसै पनि नेपाल चीन र भारतजस्ता ठूला दुई ढुङ्गाको तरूलजस्तो थियो । त्यसमाथि अमेरिका, युरोपियन र रूसले नेपालको अर्थपूर्ण रणनीतिक भूमिमा आफ्नो चासो र चाख देखाएपछि नेपाल भूराजनीतिको जञ्जालमा फस्न पुगेको हो ।

परम्परागत नेपालको नीति थियो- असंलग्न परराष्ट्रनीति । पञ्चशीलको सिद्धान्तमा अडेको । विश्वशक्ति र छिमेकी शक्तिका वीच सन्तुलन कायम गर्न नसक्दा नेपालको परम्परागत नीति पानीजहाजको जस्तो ढलपल ढलपल अवस्थामा पुगिसकेको बताइन्छ ।

नेपालको राष्ट्रिय नीति छैन, कस्तो नीति अपनाउने ? राष्ट्रिय पार्टीहरूवीच मतैक्य छैन । जब राष्ट्रिय नीतिमा एकमत हुँदैन, राष्ट्र एक ढिक्का रहनसक्दैन । त्यसैको प्रतिफल साइड इफेक्टको मारमा राष्ट्र पर्नपुग्छ । यतिबेला नेपाल क्रोनिक बनेको छ ।

नेपाल भूराजनीतिको भूमरीमा फस्दै गएको छ । निस्कने जुक्ति केही छैन । यो भूमरीबाट बचाउन परिपक्व राजनीति र कूटनीतिको आवश्यक पर्छ । जो थिङ्क टेंक छन्, तिनीहरू दोधारे बनेका छन् । सही र विवेकपूर्ण आवाज उठाइरहेका छैनन् । यसको कारण नेपाल थप समस्यामा जेलिन पुगेको हो ।

चीन जति शक्तिशाली बन्दै गयो, भारत जति ठूलो बजार बनेको छ, यसैको कारण विश्वशक्तिहरू नेपालको भूमिलाई रणनीतिक रूपमा हेर्न थालेका छन् । नेपालले बुद्धि नपुऱ्याउँदा नेपालनीति खजमजिएको छ । नेपालको कूटनीति अन्यौलपूर्ण बन्दै गएको छ । त्यसै पनि राजनीति अपराधिकरण भएको र प्रशासन भ्रष्ट बनेका कारणले अराजकता बढेको राष्ट्रमा विश्वशक्तिको प्रवेश र चलखेलले भूराजनीतिको चेपोमा राष्ट्र सकसमा पर्नु स्वभाविक हो । यो अवस्थाबाट सकुसल निस्कनका लागि नेपालले कूटनीतिक चतुरता देखाउनु पर्ने छ । त्यस्तो चतुरताको सम्भावना अन्तरकलह र स्वार्थमा जेलिएको राजनीतिमा सम्भव देखिन्न । तत्काललाई गाह्रो पर्दै गएको छ । राजनीतिक व्यक्तित्वले कूटनीतिक विज्ञहरूसँग सुझाव लिएर नचल्नु र कूटनीतिक तथा बुद्धिजीवीहरूलाई राजनीतिको पिछलग्गु बनाउने चरित्र विकास भएकाले पनि देशको अस्तित्व जोखिममा पर्दै गएको अनुभूति सबैले गरेका छन् ।




विश्वमा पटक पटक देखिएको छ, जसले भू-राजनीतिमा सन्तुलन कायम गर्न सक्दैन, त्यो राष्ट्र भयावह समस्यमा पर्ने गरेको छ । रूसविरूद्ध युक्रेन खडा भयो र सन्तुलन गुमायो, युक्रेनी जनताले त्यसको महगो मूल्य चुकाइरहेका छन् । युक्रेन टुक्रिने र भूभाग समेत गुमाउने अवस्थामा छ । यो हुनसम्मको पीडा युक्रेनी जनताले भोगिरहेका छन् ।

यस्तै अवस्था छ इजरायल र प्यालेस्टाइनको । इरानले समेत सन्तुलन गुमाउन थालेको छ । यथार्थमा अहंकारले कहींको पनि छोड्नेवाला छैन । नेपालका नेताहरूमा सत्ताको अहंकार र विदेशीको लहैलहैमा लागेर आफ्नो स्थापित मान्यता र नीतिमा अडिन नसक्दा नेपाल भूराजनीतिको भूमरीमा परेको हो ।

१९९० मा जस्तो विश्वपरिस्थिति छैन अहिले । त्यो दशकपछि चीन असंलग्न रहेन । चीन आफ्नो व्यापार र प्रभाव बिस्तार गर्न बीआरआई नीति च्यापेको मात्र छैन, अमेरिका विरूद्धको मोर्चामा रूस र नर्थ कोरिया, पाकिस्तानसँग उभिएको छ । अमेरिकामा राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकाल सुरूभएपछि व्यापार युद्ध नै सुरू भइसकेको छ । यो युद्ध समाप्तिको दिशामा गएन, सहमति हुनसकेन भने पर्यवेक्षकहरू तेस्रो विश्वयुद्धको खतरा देखिन थालेको समेत बताइरहेका छन् । भारत अमेरिकातिर छ कि रूसतिर स्पष्ट छैन । रूस र अमेरिकाजस्तै आफ्नो अलग नीति र अस्तित्व छ भनेर सन्तुलनकारी भूमिका निर्वाह गरिरहेको देखिन्छ । यद्यपि भारत रूस र अमेरिकासँग टाढिन सक्दैन । हालै फ्रान्समा भएको ए आई शिखर सम्मेलनमा फ्रान्सका राष्ट्रपतिले मोदीसँग हात मिलाएनन्, किन ? यसको चर्चाले सिङ्गो भारत डोलायमान भएको छ भने अमेरिका र चीनसम्म यसको कम्पन सुनियो ।

केही समय अघि भारतका प्रधानमन्त्रीले मस्को भ्रमण गरेका थिए भने मोदी फ्रान्सपछि अमेरिका भ्रमणमा गए । मोदी आउनुअघि अमेरिकाले आयात हुने स्टिलमा २५ प्रतिशत शुल्कमात्र लगायन, यसअघि अमेरिकामा इलिगल बसेका भारतीयलाई नेल कसेर भारत फिर्ता पनि गराइदिए । भारतले लाख प्रयत्न गर्दा पनि अमेरिकालाई साथ लिन सकेन, विश्वास दिलाउन सकेन, भारतमाथि अमेरिले २५ प्रतिशत कर लगाएको छ । अमेरिका विश्वको नम्बर वान राष्ट्रबाट नहट्ने संकेत हो यो । राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य संगठन, बिमिस्टेक सबैतिरबाट हात झिक्दै छन् भने युएसआईडीलाई खारेज गरेर नयाँ नीति ल्याउँदैछन् । अमेरिकाको पैसा खाएर अमेरिकाको अहित गर्नेहरूको ओठमुख सुकाइदिएका छन् ट्रम्पले । नेपालको असंलग्न नीति र परिपक्व कूटनीतिकै कारण २०१७ सालको परिवर्तन सम्भव भयो, राजतन्त्र जाज्वल्यमान भयो । राजा महेन्द्रले महेन्द्र राजमार्ग र धेरै उद्योगकहरूमा रूस, चीन, भारत, अमेरिकाजस्ता शक्तिहरूलाई नेपालको हितमा उतारेकै हुन् । असंलग्नतामा तरल भएकै कारण पार्टी अलोकप्रिय हुँदै राजतन्त्र नै ठिक थियो भनेर नागरिकले जयजयकार गरेका हुन् ।

राजा महेन्द्र भारतभन्दा अगाडि बढ्यो भनेर भारतले राजामाथि षडयन्त्र गर्न थाल्यो, जनकपुरमा बम हान्यो । चीनका तत्कालीन रक्षामन्ती चेङ यी नेपाल आएर भारतलाई चेतावनी नै दिएको घटना पनि देखियो । नेपालमाथिको कुनै पनि हमला चीनविरूद्ध गरिएको ठानिने छ समेत उनले भने । उत्तर र दक्षिणको तत्कालीन अवस्थामा नेपालको सन्तुलनको नमूना थियो ।

आज २०१५ मे १५ मा चीन र भारतले बेइजिङमा नेपालको लिपुलेकबाट व्यापार अघि बढाउने सम्झौता गरे । भारतले २०१९ मा नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतको नक्सामा मिलाए । नेपालले जनगणनामा समेत ती क्षेत्रमा गणना गर्न सकेन । हालै भारत र चीनले लिपुलेकबाट भारतले बनाएको राजमार्गबाट चीनको कैलास मानसरोवरको यात्रा खोलिएको छ । अर्थात चीन बढी व्यापारी बनेर गएको छ । नेपालसँग पहिलेजस्तो सम्बन्ध राख्न चाहेन चीनले । २०५८ सालमा दरवार हत्याकाण्ड हुँदा समेत चीनले बोलेन । २०६५ सालमा राजतन्त्र हटाएर गणतन्त्र घोषणा गर्दासमेत चीन बोलेन । राजतन्त्रको अन्तिम दिनहरूमा चीनले आफ्ना राजदूतलाई तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ओहदाको प्रमाणपत्र बुझाउन लगायो । त्यसपछि सम्बन्ध चिस्सिएला भनेर चीन नेपालीको मन जित्ने काममा आफूलाई अग्रसर गराएको देखिन्छ ।

यो सबैको कारण नेपालको अपरिपक्व कूटनीति हो । परम्परागत असंलग्न परराष्ट्रनीति छोड्नु र शक्तिराष्ट्रका सामु राजनीतिक शक्तिहरूले त्वम्शरणम् गर्नु पनि हो । नीतिहीनता हो ।

राजतन्त्र भारतकै शक्तिमा जनयुद्ध चलाउने माओवादीसमेतलाई हतियार बनाएर जनआन्दोलन गर्न लगाउनु र १२ बुँदे दिल्ली सम्झौता गराएर बिस्थापित गराएकोमा कसैलाई शंका छैन । अवैधानिक रूपमा राजतन्त्र हटाउँदासमेत चीन बोलेन, भारत खुशी भयो । पश्चिमा शक्तिहरू इसाइकरण गर्न ढोका खुल्यो भनेर दङ्ग परे ।

जसरी कम्बोडियामा राजतन्त्र हटाइयो, नेपालमा पनि त्यसैगरी बलात् हटाइएको हो । त्यसपछि चीनले नरोदम सिंहानुकलाई साथ दियो र पुनर्स्थापित गराइदियो । १८ वर्षदेखि नेपालमा अपरिपक्व र अराजनीतिक अवस्था छ तर भारत, चीन, अमेरिका र अन्य विश्वशक्तिहरू नेपाललाई हेरिरहेछन् ।

व्यवहारमा नेपाल असफल राष्ट्र भएको र सुरक्षा अवस्था बिग्रेकोमा सबैका चिन्ता छ । नेपालमा राजतन्त्र पुनर्स्थापना गरेर फेल भएको लोकतन्त्रलाई जिवन्त पार्न कसैको मौनता तोडिएको छैन । यसको कारण नेपालका विवेकशीलहरूको उदासिनताले हो ।

भारतलाई राजतन्त्र बिनास गरेर विश्वमञ्चमा नेपालको फैलदो पखेटा काट्नु थियो, नेपाललाई भारतको बजार बनाउनु थियो, नेपालमा उद्योगधन्दा समाप्त पारेर भारतमुखी बनाइदिनु थियो । राजा वीरेन्द्रको वंश नाश र राजा ज्ञानेन्द्रको राजतन्त्र समाप्ति पार्न यहाँका राजनीतिक शक्ति अग्रसर भए, विदेशीले सहायता दिए । गणतन्त्र आयो ।

गणतन्त्र आयो, अर्काको बलमा आयो । गणतन्त्र हाँक्नेहरूले नयाँ नेपाल बनाउने आशा देखाए, भएको नेपाललाई फूपुको धनजसरी लुटे । लोकतन्त्रलाई लुटतन्त्रमा परिणत गरे । पश्चिमा र दक्षिणा भिरङ्गी र फिरङ्गीले गणतन्त्रलाई सघाए, उत्तरले मौनता साध्यो । नेपाल बाहुबली अखडा बन्यो ।

राजनीतिले विवेक हरायो । व्यापार बढायो । कूटनीतिले विवेक गुमायो, उदासिन भयो । यसैको प्रतिफल मुलुकमा दल दलको दलदल छ, उत्तर-दक्षिण-पश्चिमको कित्ताकाट हुनपुगेको छ । यी कित्ताहरूमा नेपाली कित्ता छैन । यसबाट नेपाल भूराजनीतिक अवस्था डरलाग्दो धरापमा परिसकेको अनुमान गर्न सकिन्छ । यसको ज्वलन्त नमूना ठूला पार्टी, प्रभावशाली नेता कसको स्वार्थका बोलिरहेका छन्, बुझ्न सकिन्छ । कुनै नेता नेपाल र नेपालीको स्वार्थमा बोल्दैनन् । देशको भूमि गुम्दा समेत विदेशीको खर्चमा संसदमै खाजा खानेहरू बोल्दैनन् । यी जनप्रतिनिधि हुन् कि विदेशी प्रतिनिधि ? सकस बढ्दै गएको छ ।

एमसीसी मागियो, बिरोध गरियो र स्वागत भयो । अहिले दाताले नै एमसीसी रोक्यो र पुनः सुचारू गरेको छ । एमसीसी कसरी पूर्वाधार विकास र नागरिकको रोजीरोटीका लागि उपयोगी बनाउने भन्ने बहस चलेकै छैन । नेपालमा रूस-युक्रेनका पक्षधर छन्, ताइवानका समर्थक र बिरोधी पनि छन् । दलाई लामालाई भेट्ने र उनको जन्मदिनको भोज खाने नेता पनि छन् । यो सबैको दुस्परिणामले नेपाललाई कुन किनारमा लछार्ला, पछार्ला, चिन्ता बढ्दै गएको छ । नेपालमा राजनीति र कूटनीतिक अराजकताले असमान्य स्थिति र प्रवृत्ति बढ्यो ।

# प्रख्यात कलाकार ल्युसियन पिस्सारो



*रमेश खनाल*
*कलाकार, कला समीक्षक*

प्रभाववादीकलाका अर्का एक सशक्त हस्ति हुन ल्युसियन पिस्सारो । उनले दृष्यचित्र, प्रिन्टकला, उड इनग्रभिगं, डिजाइन, आदि सबै विद्यामा ब्रस चलाएका थिए । उनको जन्म इ.स. २० फेवरी १८६३ पेरिसमा भएको थियो र उनी १० जूलाई १९४४ मा मरेका थिए । अक्सर उनी, दृष्यचित्रकारको रूपमा चिनीन्छन् । तर पनि उनले स्टिल लाइभ र पोट्रेट पनि बनाएका छन् । इ.स १८९० सम्म फान्समा बसेका ल्युसियन पिस्सारो तत् पाश्चात ब्रिटेनमा गएर बसेका थिए । उनि विश्व प्रसिद्ध कलाकार कोमिली पिस्सारोका जेठो छोरा थिए । उनि सातजना परिवारका थिए । उनले आफ्नो पिता कोमिलि पिस्सारो संगै चित्रकला अध्ययन गरेका थिए । आफ्ना भाईहरू जर्जेज र फिलिक्सले पनि पिता कोमिली पिस्सारो सँगै चित्रकला सिकेको थिए । त्यसैगरि फेलो विद्यार्थी भएर केमिली पिस्सारो सँग अध्ययन गर्न आएका क्लाउद मोने र पियरे अगस्ट रोनियार सँग पनि परिचय भएको थियो । तर उनलाई जर्ज सुरत र पउल सिग्नेकको प्रभाव परेको थियो ।

उनले बनाएका दृश्यचित्रहरू साह्रै नै घतलाग्दा छन् । प्रभाववादी शैलीमा बनाएका उनका चित्रहरू इ.स. १८८६ मा आयोजना भएको अन्तिम प्रभाववादी चित्रकला प्रर्दशनीमा प्रदर्शन गरिएका थिए । इ.स. १८८६ देखि १८९४ सम्म उनले सालोन देश इन्डिपेन्डिन्टमा पनि नियमित आफ्ना चित्रहरूको प्रदर्शनी गरेका थिए ।

फ्रान्को पर्सियन युद्ध इ.स. १८७०-७१ मा हुँदा प्रथम पटक वेलायतको भ्रमण गरेका थिए । इस.स. १८९० देखि उनले पेरिस छाडेर वेलायतमा स्थायी रूपमा बसोवास गरेका थिए । इ.स. १० अगष्ट १८९२ मा उनले रिचमन्डमा इस्टर लेभि बेन्सुसान नाम गरेकी महिला संग विहे गरेका थिए । इ.स. १८९३ आठ अक्टोवरमा उनकी ओरीभिडा पनि कामेली नाम गरेकी एक मात्र छोरी जन्मिएकी थिइन । पछि ओरिभिडा पनि कलाकार नै भईन । उनले डायल (Dial) लाई आफुले बनाएका उडकटहरू प्रदान गरेका थिए । उनीहरू श्रीमान श्रीमति मिलेर इराग्ने नाम गरेको प्रेस खोलेका थिए । जहाँ पुस्तकहरू छपाई हुन्थो । दृष्टान्त चित्रहरू छापिन्थे । पछि इ.स. १९१४ मा यो प्रेस बन्द गरिएको थियो ।

उनले इ.स. १९०६ मा न्यू इग्लीस आर्ट क्लवको सदस्यता ग्रहण गरेपछि इ.स. १९१३ देखि १९१९ सम्म डोरसेट, बेस्टमोरल्याण्ड, डेभन, इसेक्स, सुरेय र सुसेक्समा लागातार दृष्यचित्रहरू बसेर बनाएका थिए ।

इ.स. १९१६ मा पिस्सारोलाई ब्रिटिश नागरिकता प्रदान गरिएको थियो । वेलायतमा भएको क्यामडियन टाउन ग्रुपका एक संस्थापक सदस्य थिए । वेलायतमा उनले मानारो ग्रुप गठन गरे । जे.वि. म्यानसनलाई लण्डनको सचिव र थिओ भ्यान रासेलगर्गेलाई पेरिस सँग सन्मयोजन गर्न सचिव बनाएका थिए । क्लाउड मोने र क्यामेलि पिस्सारोको प्रभाववादी कला शैलीबाट प्रभावित भएर उनले सो समूह बनाएका थिए । तर उक्त समूहलाई तीन बर्ष पछि बन्द गरियो । यद्यपि आज पनि यो कला समूह चर्चाको विषय बनिरहेको देखिन्छ । इ.स. १९२२ देखि १९३७ सम्म उनले दक्षिणी फान्समा प्रसस्त दृष्यचित्रहरू बनाएका थिए । र इ.स. १९३४ र १९४४ मा उनको रोयल एकेडेमी, लण्डनमा चित्रहरूको प्रदर्शनी आयोजना गरिएको थियो । उनी हेउड, डोरसेटमा १० जुलाई १९४४ का दिन मरेका थिए ।

ल्युसियन पिस्सारोले मनग्गे दृष्यचित्रहरू बनाएका छन् । भू-दृष्यचित्र, वगैचा, अध्ययन गरेकी युवति, थकित युवति, गंभिर महिला, पत्रिका पढिरहेका पिस्सोरोलाई उनले जिवन्त बनाएका छनु ।उनले महिला, बृद्ध, र वाल बालिकाहरू मुडलाई उतार्ने प्रयास गरेका छन् । दृष्यचित्रको हकमा वेलायति गाँउ, नदि र जंगललाई प्रभाववादी शैलीमा बनाएका छन् । उनका दृष्यचित्रहरूमा फूल, रूखलाई सन्तुलन बनाउन मानिसहरू थप्ने काम गरेका छन् । रंगको सन्तुलनका कारणले चित्रहरू सुन्दर लागेका देखिन्छन् ।

प्रिन्टमेकर, उड इन्ग्रामर पनि भएका हुनाले उनले थुप्रै प्रिन्टहरू बनाएका छन् । उनले थुप्रै डिजाइन पनि गरेका छन् । उनका दृष्यचित्रहरू प्रभाववादी कलाका उत्कृष्ट चित्रहरू हुन । प्रभाववादी र नव प्रभाववादी शैलमिा चित्रहरू बनाएर उनले ख्याति कमाएका हुन् । खुल्ला मैदानमा, उनले कैयौ दिन बसेर, अनगिन्ती दृष्यचित्रहरू बनाएर विश्वकलालाई धनि बनाएका छन् । यो आफैमा नौलो र कठिन कलाकारिता थियो ।

उनी मरेको गएको ८० बर्ष नाघ्यो । तर उनी आफ्ना चित्रबीच बाँचिरहेका छन् । कला पारखीहरू उनलाई सम्झिरहेका छन् ।




## एनआरएनए: लगानी संवाद



एनआरएनए लगानी संवाद सम्पन्न भएको छ । नीति सुधार, रणनीतिक साझेदारी र आगामी एनआरएन लगानी संवाद २०२५ को तयारीमा सहकार्य गर्ने प्रारम्भिक सहमति भएको हो । साउन १७ नेपालमा प्रवासी नेपालीहरूको लगानी आकर्षित गर्ने र नेपालको विश्वव्यापी व्यापारिक उपस्थिति सुदृढ बनाउने उद्देश्यले गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल उद्योग वाणिज्य महासंघ (सीएनआई) बीच छलफल भएको हो । महासंघले छलफल सकारात्मक भएको भनेको छ ।

एनआरएनए आइसिसी अध्यक्ष महेश कुमार श्रेष्ठ र सीएनआई उपाध्यक्ष निर्वाण चौधरीबिच भएको छलफलमा सीएनआई ग्लोबल बिजनेस एन्ड डायस्पोरा टिमका सदस्य चन्द्र टण्डन र मनोहर दाहाल पनि सहभागी थिए ।

दुवै संस्थाले नीति सुधार, संयुक्त लगानी प्रवर्द्धन, र प्रवासी नेपालीहरूसँग दीर्घकालीन सहकार्य गर्ने विषयमा आपसी रूचि र प्राथमिकता व्यक्त गरेका छन् ।

बैठकमा सीएनआईले डायस्पोरा तथा विश्वव्यापी व्यापार प्रवर्द्धनमा केन्द्रित कार्य सम्पादनका सर्तहरू (टीओआर) प्रस्तुत गर्दै नेपाललाई आकर्षक लगानी गन्तव्यका रूपमा स्थापित गर्न आवश्यक रणनीतिक पहलहरूबारे जानकारी गराएको थियो । उक्त कार्य योजनामा कूटनीतिक नियोग, आर्थिक परिषद् सदस्यहरू र अन्तर्राष्ट्रिय चेम्बरहरूसँग समन्वय गरी लगानी मैत्री वातावरण सिर्जना गर्ने खाका प्रस्तुत गरिएको छ । यसमा सरकारको लगानी मैत्री भावनाको अपेक्षा गरिएको छ ।

सीएनआई उपाध्यक्ष चौधरीले नीति संवाद, मुद्दा आधारित अनुसन्धान, र प्रमुख परियोजना पहिचानमा एनआरएनसँग सहकार्य गर्न प्रस्ताव राखे। उनले भने, "नेपालको बैङ्किङ र पुँजी बजार प्रणाली सुदृढ हुँदै गएको छ । अबको आवश्यकता भनेको ठोस परियोजना, स्पष्ट नीति, र दीर्घकालीन लगानीमैत्री वातावरण निर्माण गर्नु हो ।"

एनआरएनए अध्यक्ष महेश श्रेष्ठले 'रेमिट फन्ड (Remit Fund)' स्थापना गर्ने योजना प्रस्तुत गर्दै प्रवासी नेपाली र वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूले मासिक रूपमा लगानीको रूपमा निश्चित रकम पठाउन सक्ने र यसबाट ठूला विकास परियोजनाहरूमा सहभागी हुने अवसर सिर्जना हुने बताए। उनले ठूला लगानी र साना समूहगत लगानी (crowd–funding) का लागि फरक नीतिगत संरचना आवश्यक रहेको पनि उल्लेख गरे ।

अध्यक्ष श्रेष्ठले एनआरएनएले आगामी असोज २४-२५ गते (११-१२ अक्टोबर) काठमाडौँमा 'एनआरएन लगानी संवाद २०२५' आयोजना गर्न लागेको जानकारी गराउँदै सीएनआईलाई कार्यक्रमको प्रमुख साझेदार बन्न आमन्त्रण गरे । सो अवसरमा एनआरएनए लगानी मार्गचित्र २०२५-२०३० सार्वजनिक गरिनेछ भने प्रदेशगत रूपमा कम्तीमा दुई प्रमुख परियोजना प्रस्तुत गरिनेछ ।

बैठकमा प्रवासी र स्वदेशी लगानीकर्ताहरू जोड्ने डिजिटल लगानी प्लेटफर्मको निर्माण; परियोजना विवरण, लगानी पिच, र व्यापारिक मिलानको लागि वेब-आधारित प्रणाली, नीति सुधार पहिचान गर्न पलिसी ह्याकथान (Policy Hackathon) को आयोजना तथा दीर्घकालीन सहकार्यको खाका (Nepal Diaspora Collaboration Charter) को प्रारूप लगायतका विषयमा छलफल गरिएको थियो ।

दुवै पक्षले आगामी कार्यहरूको अनुगमन र योजना बनाउनका लागि मासिक रूपमा बैठक राख्ने निर्णय पनि गरेका छन् ।

बैठकले दुवै संस्थाबिच गम्भीर सहकार्यको प्रारम्भिक आधार तय गरेको एनआरएनए अध्यक्ष श्रेष्ठले बताए । "यो केवल छलफलको सुरूवात हो । नेपालको समृद्ध नेपाल निर्माण अभियानमा सहभागी हुन् प्रवासी नेपालीहरू तयार छन् । अब हामीले उनीहरूको संलग्नतालाई सुनिश्चित गर्दै योजनालाई अवसरमा रूपान्तरण गर्नुपर्छ," उनले भनेका छन् । एनआरएनएले लगानी कम, कुरा बढी गरेको आरोप लागिरहेको लामो समय भइसक्यो । त्यो आरोपलाई चिर्न एनआरएन अग्रसर भएको संकेतका रूपमा पनि यो संवादलाई लिइएको छ । बाँकी समयले बताउला, विश्लेषक भन्छन् ।

## ग्वड्ग: तथा उपाध्याय पुरस्कृत

### कर्मयोगी बद्रिविक्रम थापा सेवा गुठको १०३औं स्मृतिदिवस सम्पन्न

**–जयराम बिडारी**




काठमाडौं । *सज्जनलाई भरोसा र दुर्जनलाई डर-त्रास हुनुपर्छ* भन्ने बाणीलाई अङ्गिकार गरेको कर्मयोगी बद्रीविक्रम थापा सेवा गुठीद्वारा स्वर्गीय बद्रीविक्रम थापाको १०३औं स्मृतिसभा तथा राष्ट्रगौरव पुरस्कारका साथै सेवा पुरस्कार समर्पण कार्यक्रम सुसम्पन्न गरिएको छ ।

राष्ट्रिय सभा गृहमा आयोजित कार्यक्रममा गुठीका अध्यक्ष तथा काठमाडौं विश्वविद्यालयका पूर्व कुलपति प्रा.डा.सुरेशराज शर्माको अध्यक्षतामा वरिष्ठ राजनीतिज्ञ नेपाली कांग्रेसका नेता शेखर कोइरालाको प्रमुख आतिथ्यमा विशिष्ट अतिथि गुठीका सल्लाहकार एवं श्रम तथा सामाजिक सुरक्षा मन्त्री शरत् सिंह भण्डारी, विशिष्ट अतिथि वक्ता वरिष्ठ राजनीतिज्ञ सिपी गजुरेल,पुरस्कृत व्यक्तित्वद्वय वरिष्ठ संस्कृतिविद् तथा निबन्धकार तेजेश्वरबाबु ग्वङ्गः तथा वरिष्ठ समाजसेवी तथा चित्रकलाकार उर्मिला गर्ग उपाध्यायका साथै हजारौंका आमन्त्रित पाहुनाहरूका बीच कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा शेखर कोइरालाले संस्कृतिविद् तथा साहित्यकार तेजेश्वरबाबु ग्वङ्गलाई दुई लाख बाइस हज़ार दुई सय बाइस नगद राशि सहित सम्मान पत्रले 'बद्रीविक्रम राष्ट्रगौरव पुरस्कार २०८२' द्वारा सम्मानित गर्नुभयो । साथै 'सेवा पुरस्कार नेपाल २०८२' वरिष्ठ समाजसेवी तथा चित्रकलाकार उर्मिला गर्ग उपाध्यायलाई समान राशिको पुरस्कारका साथै सम्मान पत्रले सम्मानित गरिएको थियो ।

मन्त्री शरत् सिंह भण्डारीले सानुकान्छी तामाङ र मल्लकाल देखि हालसम्म निरन्तर फूल तथा मालाको व्यवसाय गरिरहेका मिनु मालाकारलाई जनही २५ हजार नगद राशिसहित श्रम सम्मान प्रदान गरे । सो अवसरमा गुठीले सिन्धुली गोलन्जोर खनियाखर्कस्थित ऋतम्भरा ज्ञान स्वरूप विद्यालयलाई शैक्षिक सामग्री व्यवस्थापनका लागि नगद राशि ५० हजार रूपैयाँ र पाटी पुनर्निमाण उपभोक्ता समिति, बगलामुखी ललितपुरलाई २५ हजार रूपैयाँ सहयोग स्वरूप प्रदान गरिएको थियो ।

सदस्य सचिव डा. चिन्तामणि योगीद्वारा स्वागत गरिएको उक्त कार्यक्रममा संस्थाका कोषाध्यक्ष किरण थापाद्वारा संस्थगत गतिविधिका बारेमा प्रकाश पारिएको थियो । उक्त अवसरमा 'बहुआयामिक व्यक्तित्व दमननाथ ढुंगाना' स्मृतिगन्थ र गुठीको मुखपत्र 'सेवा नेपाल २०८२' (दमननाथ ढुंगाना श्रद्धाञ्जलि अंक)को लोकार्पण पनि गरियो । सो अवसरमा ग्रन्थका सम्पादक समेत रहेका हरि मञ्जुश्रीद्वारा विमोचित कृतिबारे प्रकाश पार्दै निष्ठाको राजनीति गर्ने, शालिन, शौम्य, दमननाथ ढुंगानाको बहुआयामिक व्यक्तित्व प्रकाश पारेका थिए ।

कार्यक्रममा सम्मानित व्यक्तित्व तेजेश्वरबाबु ग्वङ्गले समाजसेवी, कर्मयोगि तथा कुशल प्रशासकका रूपमा सुप्रसिद्ध बद्रीविक्रम थापाको नाममा स्थापना गरिएको गरिमामय पुरस्कारबाट पुरस्कृत हुन पाएकोमा समाज र राष्ट्रप्रतिको आफ्नो जिम्मेवारी र कर्तव्य अझै बढेर गएको बताए अर्का सम्मानित व्यक्तित्व उर्मिला उपाध्यायले 'चन्द्रकामधेनु चर्खा प्रचारक महागुठी' का संस्थापक एवं स्वरोजगार अभियानका अभियन्ता समाजसेवी तुलसी मेहर र गान्धीको दर्शनबाट प्रेरित भएर आफू पनि जीवनभर समाजसेवाकै एउटा पाटोमा निरन्तर सक्रिय रहँदै गर्दा त्यसैको फलस्वरूप आजको पुरस्कारद्वारा पुरस्कृत हुन पाएकोमा समाजसेवीहरूका लागि समेत सुखद सन्देश प्रवाह हुने विचार व्यक्त गरिन् । स्वरोजगार अभियानलाई अघि बढाउनका लागि आश्रमकै अवधारणामा सञ्चालित विभिन्न हस्तकला चित्रकला लगायत विभिन्न स्वरोजगारमुखी तालिमहरूको व्यवस्थाको प्रवन्ध मिलाएर यो देशको योगदानमा साथ दिने प्रयत्नमा पुरस्कारले हौस्याएको र थप बल मिलेको बताएकी थिइन् ।

प्रमुख अतिथि कोइरालाले सम्मानित दुवैजना आ-आफ्ना क्षेत्रका अत्यन्त योग्य र सक्षम ब्यक्तित्व रहेको बताउँदै विशिष्ट व्यक्तित्वहरूलाई सम्मानित गर्न पाउँदा आफैं सम्मानित भएको महसूस गरेको बताए । उनले सम्मानित व्यक्तित्वद्वयका बैशिष्ट्य कर्मको प्रसंसा गर्दै सहि व्यक्तित्वले ठीक पुरस्कार र सम्मान प्राप्त गरेकामा सन्तोष व्यक्त गर्दै कर्मयोगी बद्रीविक्रम थापाका विविध पक्षका बारेमा प्रकाश पार्दै आफ्नो नागरिकतामा बद्रिविक्रम थापाको सहि रहेको समेत खुलासा गरेका थिए । कार्यक्रममा श्रममन्त्री भण्डारीले ढुंगानाका विषयमा रोचक प्रसंगहरू सुनाए । गुठीका अध्यक्ष प्रा.डा.सुरेशराज शर्माले सरकार बहुमतको र सदन प्रतिपक्षीको मान्यता राख्ने पूर्व सभामुखका रूपमा दमननाथ ढुंगानाबारे बोल्नु भयो । साहित्यकार राजेश खनालद्वारा सञ्चालन गरेको कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको थियो ।



# The decades-old movement in Kashmir will not simply fade away: Dr. Fai

With deep reverence for the courageous and fearless souls who laid down their lives so the people of Kashmir could live with dignity and honor, Washington-based 'World Kashmir Awareness Forum' arranged digital trucks campaign throughout the New York City to observe the 94th Kashmir 'Martyrs' Day.






The digital trucks displaced the messages: "Blood of martyrs will not go in vain: Freedom from India Kashmiris will attain;" "Voices from martyr's graveyard are clear and loud: Indian occupation of Kashmir will not be allowed;" "In occupied Kashmir women being raped and children blinded: International community needs to be reminded;" "Voices of freedom in occupied Kashmir being throttled: Freedom of press completely stifled;" "Occupation of Kashmir travesty of justice: United Nations should take the notice;" "United Nations pay the heed: India has turned Kashmir into a killing field;" "Martyrs of Kashmir paid ultimate price: Kashmir beseeches world to rise."

Dr. Ghulam N. Mir, President, World Kashmir Awareness Forum said that Kashmiris have continuously given immense sacrifices under the post- independence India. Massacre after massacre have continued to take place under Indian occupation, ethnic cleansing and colonization. Indian state under Modi's Hindutva has abolished even the celebration of Martyrdom from the Kashmiri calendar since annexation of Kashmir on August 5, 2019, but the people of Kashmir have vowed to resist, no matter at what cost.

Dr. Mir added that freedom is not offered on a platter. The Martyrs Graveyard in Srinagar will always remind us of the sanctity of those who sacrificed their lives for truth, justice and for freedom.

Dr. Ghulam Nabi Fai, Chairman, 'World Forum for Peace & Justice', reflecting on the tragic day, stated, "It was on July 13, 1931, that foreign occupying Dogra forces cold-bloodedly shot dead 22 Kashmiris in front of Srinagar Central Jail. July 13th remains etched in the collective memory of the Kashmiri people as the day when their call for freedom and justice was met with bullets. Today, 'Martyrs' Day' honors not only those 22 lives lost in 1931, but also the countless innocent victims who have been forcibly silenced by Indian military and paramilitary forces since 1989. "

Dr. Fai stressed that the desire for self-determination is an important factor India should take seriously — yet it continues to present a façade to the world community, pretending it does not exist. Regardless of how long India chooses to ignore the truth, the decades-old movement in Kashmir will not simply fade away."

Kashmiris are asking, Dr. Fai pointed out: "Is the lesson of Kashmir to be that a nuclear-armed state, like India with an appealing economic market can defy international law, human rights, and moral accountability with impunity¿ What message does that send about the global commitment to non-proliferation¿ What does it mean for the cause of humanity¿ And what does it say about our collective will to uphold international norms, universal values, and—above all—the authority of United Nations Security Council resolutions¿"

Dr. Imtiaz Khan, Kashmiri American scholar said that government of India is living in fool's paradise by believing that Kashmir can be usurped by brute force. Notwithstanding the fact their forces have unleashed reign of terror, massacred more then 100,000 civilians, gangraped women, blinded youth by pellet guns and buried the bodies in mass graves the voices of freedom have not died down.

Dr. Khan added that the generations of Kashmiris have promised themselves that they will leave no stone unturned unless Kashmir is freed from Indian occupation. The important question is that what price will be paid by the world for Indian hubris and disrespect of international laws.

Dr. Khan warned that the region being sandwiched between three nuclear states is a powder keg that can explode without prior warning. This was recognized by former USA president Bill Clinton and has also been acknowledged by President Donald Trump. Minor skirmishes between India and Pakistan can lead to nuclear conflagration that will engulf half of world population. It will be a major disservice to the human race if international community leaves this protracted problem unattended and allow the continuation of blatant Indian atrocities on the freedom loving people of Kashmir.

Raja Mukhtar, Spokesperson, JKLF North America and organizer of the event stated that "Kashmiris are demanding to exercise their right to self-determination as mandated by the UN and international community. They ask the world powers to stand up and speak up for the freedom of Kashmir.

Raja Mukhtar appealed to Trump Administration to seriously engage India, Pakistan and legitimate representatives of Kashmir, like incarcerated most popular leader of Jammu & Kashmir, Mohammad Yasin Malik in a result-oriented peaceful resolution of this most serious conflict of the world."

Raja Mukhtar explained that while India, initially, explicitly accepted the Security Council resolutions mandating a free and impartial plebiscite in Kashmir under the auspices of the United Nations, it soon reneged on its own obligation realizing that the people of Kashmir would vote against India in an unfettered plebiscite.

Sardar Taj Khan, Senior Vice Chairman, Kashmir Mission, USA co-organizer of the evert said that the only solution to all major problems in the region lies in the peaceful resolution of Kashmir. And that bilateral talks between India and Pakistan have never taken off and direct involvement of President Donald Trump is needed if we are serious to achieve tangible results.

Sardar Taj added that we all should 'hang together' rather than being hanged separately. Right of Self- Determination is 'The Only Solution' for our survival. Freedom of Kashmir is imperative & inevitable.

Sardar Sawar Khan, former Advisor to the Prime Minister of Azad Kashmir said that it was the duty of global Kashmiri diaspora to support the people of Kashmir who are struggling for the right to self-determination. Our objective is to draw the attention of the world powers to the situation in Kashmir and to exert pressure on the government of India and to resolve dispute over Kashmir and help stop human right violations there.

Sardar Zarif Khan, Advisor to the President of Azad Kashmir said that the people of Kashmir have suffered long and needlessly because of this brutal conflict. The people of Kashmir deserve peace. Peace in the region of South Asia would remain elusive until the Kashmir dispute is resolved.

Sardar Zarif emphasized that the brutalities of Indian government cannot and should not go unnoticed. It is the responsibility of the Kashmiri diaspora to be the voice of voiceless people in the corridors of powers all over the world.

Sardar Shoaib Irshad, General Seretary, Kashmir American Welfare Association (KAWA) said that despite claiming to be the largest democracy, India's policy towards Kashmir has been uniformly colonial, brutal, deceitful and undemocratic. The people of Kashmir will never rest until they achieve their ultimate objective which is the right of self-determination.

Sardar Zubair Khan, Director, 'Voices of Justice in Kashmir' made an urgent plea to the world powers, including US government and Congressional leaders to heed the unbearable plight of hundreds of senior Kashmiri political leaders who are suffering from serious health issues. Sardar Zubair Khan added that senior political leaders, like Mohammad Yasin Malik, Shabir Ahmed Shah, Masarat Aalam, Aasia Andrabi and internationally known human rights activist, Khurram Parvez must be released unconditionally to create an atmosphere for dialogue and negotiations.

Raja Liaqat Kiyani, President, Kashmir House Washington said that the sacrifices of the people of Kashmir will undoubtedly lead the Kashmiri freedom struggle to its logical conclusion, that is freedom from the occupation and alien subjugation.

Dr. Fai is also the Secretary General, World Kashmir Awareness Forum. gnfai2003@yahoo.com, www.kashmirawareness.org




# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**

This was contrary to the letter and spirit of the thirty-eighth amendment, but New Delhi raised no objections. Justice Hidayatullah's view was that such amendments had no force in Sikkim because "no law of one state can affect the status of an agreeing state, a party to a treaty" Only another treaty—not the Indian constitution—could alter the kingdom's position. Even in 1974, he foresaw the possibility that New Delhi would sooner or later invoke the principle of clausula rebus sic stantibus (treaties will be observed only while things thus stand), pleading catastrophic changes that violated the intentions of the signatories. Examining the earlier amendment's wording, Hidayatullah had warned:

It will be noticed that the expression "treaty" is sedulously avoided. The only intention can be that at some future occasion. it may be said that the treaty cannot now operate because of the events that have taken place. It will be noticed that the Chogyal was the signatory, and he has had no share in the resolutions and requests which have completely avoided him. If such a claim for application of the doctrine is made, it will amount to abus de droit (abuse of rights) of the signatory of the treaty.

Anticipating changes, India's lawyer-vice-president advised that no enactment in New Delhi could convert the kingdom into an Indian state. It was bound by the still extant 1974 Act. If that Act had ceased to apply, as claimed by Khatiawara and Chavan, then Sikkim reverted to being a protected monarchy. Nar Bahadur Khatiawara was not aware of these legal implications. Nor did any great concern for moral principle inspire his postures.

He was just a young man on the make who campaigned against the durbar and rendered service to those who promised to further his radical cause. When those promises were not kept, he decided to mveal what he had done. and why, and to rip off the mask from all that led to the annexation. The anguished torrent of the covering letter with his memorandum to Morarji Desai explained his deep disenchantment: Sikkim is a small country and its people, regardless of their origin, are gentle and peace-loving. We have, however, been consistently branded as being anti-Indian merely because of our aspiration to be Sikkimese, and to govern ourselves. In these efforts, we have unquestionably looked to India for assistance and guidance, and will continue to do so. We have reposed complete trust and confidence in India, fully expecting that she would extend to us honest, wholehearted and unflinching support in this regard, but all our hopes have been belied.

We regret that under pretext of ushering in democracy to fulfil "the wishes of the people", India's action in Sikkim seems to have been motivated solely with the object of annexing it, and making it a part and parcel of India. We were also some of the many Sikkimese who had taken very active part in the 1973 up rising expecting fully that our hopes and aspirations for democracy and people's rule in Sikkim under the principle of "one man one vote", and our demand for a written constitution, so far denied, would be fulfilled.

The letter further added: In this regard, it is our party's considered belief that the people of Sikkim always treated every Indian as our guardian who would look after the interests of the Sikkimese people in all respects. Never at any moment did we realize, nor did we ever doubt the sincerity of our well-wishers and the high-ups in the government of India, including Srimati Indira Gandhi, Sardar Swaran Singh, Shri Y.B. Chavan, foreign secretary Sri Kewal Singh, political officer in Sikkim Sri K.S. Bajpai, Sri B.S. Das, chief executive of Sikkim, and lastly, Sri B.B. Lal, at present the governor of Sikkim, that we were being completely duped, and that our demand for full-fledged democracy in Sikkim would be a far cry.

The methods used by them were the age-old methods of the imperialistic and expansionist nations of divide and rule, propagating false propaganda, creating an illusion that democracy was being introduced and democratic institutions were being strengthened for the benefit of the Sikkimese people, whereas, in reality, the trust of the simple and innocent people was being deceived, exploited and betrayed. The people's majesty could be as gullible as any anointed sovereign.



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# इतिहासका तीतामीठा कुइनेटाहरू


डा. शास्त्रदत्त पन्त

केअरसिंहका भाइ अभिमान सिंहलाई दाजुको पदमा नियुक्त गर्दछन्। पारथा भण्डारी र रामकृष्ण कुँवरलाई उनको सहयोगार्थ खटाइन्छ। चौदण्डीका स्वरूपसिंह कार्की, हरिनन्द र त्रिलोचन उपाध्यायलाई हात लिन्छन्। गोरखाको फौज चौदण्डीतिर हिँडेको थाहा पाए पछि हात गाभिन्छ। वुद्धिकर्ण राईले कर्णसेनलाई विजयपुरको राजा बनाउँदछन्। रामकृष्ण कुँवरको नेतृत्वमा भएको फौजले माझकिरातमा आक्रमण गर्दछन्। १७ जुलाई १७७४का दिन विजयपुर र माफकिरात गोरखा राज्यमा गाभिन्छ। सिकिमसँग सन्धी हुन्छ। नेपालको पूर्वीसीमाना टिष्टा नदी कायम हुन्छ। त्यसपछि मात्र पश्चिमका राज्यलाई अधिनस्त गर्ने शिलशिलामा पहिले उनले रणनीति तयार पार्दछन्। राजा पृथ्वी नारायण शाह नुवाकोटको दरवारमा गएर बस्छन्। त्यहीं पृथ्वीनारायण शाह एकाएक वेरामी पर्दछन्। उनलाई देवीघाट ल्याइन्छ। त्यहाँ उनले दिव्य उपदेश टिपाउँदछन्। त्यहीं ११ जनवरी १७७५ मा ५२ वर्षको उमेरमा उनको निधन हुन्छ।

श्री ५ प्रतापसिंह शाह बिसं १८३१ माघ १-१८३४ पौष ५ (सन १७५२-१७७७)१८३४ पौष ५ (१६ डिसेम्बर १७७७) गते २६।

पृथ्वी नारायणका जेठा छोरा प्रताप सिंह शाह हुन्। वैदिक राज धर्म अनुसार उनी राजगद्धीका उत्तराधिकारी हुन्। उनी बिक्रम सम्बत १८३१ माघ १ गते (११ जनवरी १७७५) मा राज गद्धीमा बसेका हुन्। राजगद्धी आरोहण भएको १५ दिनपछि बिसं १७७५ माघ १६ गते (२६ जनुअरी १७७५) का दिन बिधिपूर्वक राज्याभिषेक गरियो। उनले वि.सं.१७७५ देखि १७७७ सम्म २ बर्ष जति नेपालको राजा भएर शासन गरे। सबैका सबै चाहना पुरा हुँदा रहेनछन्। पुनर्जन्मको असर पर्दछ भन्ने भाग्यबादको कुरा याहाँ मिल्दो देखिन्छ। एकिकरण अभियानले गर्दा उनले आफै छोरालाई ग्रुम गर्न समय दिन सकेनन्। असल शिक्षादिने जिम्मा राज गुरू पौडेललाई सुम्पेका हुन्छन्।

सन १७५२ मा रानी नरेन्द्रलक्ष्मीको गर्भबाट प्रतापसिंह शाहको जन्म हुन्छ। बिसं १८३१ माघ १ गते (११ जनवरी १७७५) का दिन पृथ्वीनारायण शाहको देहावसन भए पछि सोही दिन युवराज प्रतापसिंह शाहलाई राजा घोषित गरिन्छ। प्रतापसिंह शाहको विवाह...छोरी राजेन्द्रलक्ष्मी सँग हुन्छ। उनले पाटनकी मैजूरानीलाई पनि ल्याउँदछन्। मैजूरानीलाई पनि अर्की रानीको रूपमा दरबारमा नै राख्छन्। विवाहिता रानी राजेन्द्र लक्ष्मीबाट पुत्र नरेन्द्र शाहको जन्म र सानै उमेरमा उनको मृत्यु हुन्छ। मैजुरानी तर्फबाट विदुर शाह जन्मिन्छन्।

पृथ्वीनारायण राज्य एकिकरणमै व्यस्त हुनु परेकोले युवराज प्रतापसिंहको शिक्षा र दीक्षाको जिम्मा मन्त्र गुरू पं. ब्रजनाथ पौडेललाई दिइएको हुन्छ। पृथ्वीनारायणको चाहना मेवाड नरेश राणा प्रताप सिंहजस्तो राजा बनोस् भन्ने हुन्छ। त्यही चाहनाले उनको नाम प्रताप सिंह ( वा सिंह प्रताप) राखिएको हुन्छ। परिणाम अन्धाको नाम नयन बहादुर राखेजस्तै भयो।

पं. ब्रजनाथ पौडेलले युबराजलाई एउटा वैदिक राजाले पाउनै पर्ने शिक्षा नदिएर आफ्नो अभिरूचीको विषय तान्त्रिक साधनामै व्यस्त गराउँदछन्। तान्त्रिक वाममार्ग उपासनामा युवतिहरूको आवस्यकता पर्छ। स्वभावैले युवा अवस्थाका युवाराजको मन त्यतातिर बढी मात्रामा आकर्षित हुदैजान्छ। उनी पिताको सुमार्ग र सुयोग्य शासक राजा हुने पथबाट विचलित हुन्छन्। तन्त्र साधनाका क्रममा ब्रजनाथले पाटनका पूर्व मन्त्री वीरनरसिंहकी छोरी मैजूरानी लगायत आधा दर्जन केटी जम्मा गरिदिएका हुन्छन्। उनको यो लतले राजकाज गतिलो हुँदैन। दरबारभित्रका कोर्टियारहरू निहित स्वार्थमा लागेर शासन व्यवस्था बिगार्ने र राजसंस्थाको बदनाम गराउने काममा लाग्दछन्। ब्रजनाथ पहिलो पक्तिमा पर्दछन्।

दरवारमा पं. ब्रजनाथ, स्वरूपसिंह कार्की, वंशराज र मैजुरानीको छुट्टै गुट बन्दछ। यो गुट रानी राजेन्द्रलक्ष्मीको विपक्षमा खडा हुन्छ। यसैबीच सन् २५ मई १७७५ मा राजेन्द्रलक्ष्मीको गर्भबाट रणबहादुर शाहको जन्म हुन्छ।

पं.ब्रजनाथको गलत शिक्षाको प्रभाका कारण राजा प्रताप सिंह शाहले पिताको आदर्शलाई बुझ्न शक्तैनन्। उनी राज्य विस्तार र शासन सुधारलाई निरन्तरता दिने पक्षमा हुँदैनन्। उनका भाइ बहादुर शाहले भने पिताको यथार्थ राजदर्शन, नीति र कार्यक्रम राम्ररी बुझेका हुन्छन्। उनले पिताका सबै योजनालाई निरन्तरता दिन चाहन्छन्। यही कुरामा दुई भाईको मत बाझिन्छ । यिनको छोटो शासन कालमा तीनवटा काम हुन्छन्। एउटा तिव्वतसंगको व्यापार सुधारको लागि सन्धी हुन्छ। दोश्रो, चौदण्डी र विजयपुरलाई मजबुत पकड बनाई राख्ने काम हुन्छ। लुकेर बसेका वुद्धिकर्ण राईलाई समातेर ल्याइन्छ र दण्ड दिइन्छ। यस कामले गर्दा अंग्रेजसँग मिलेर पुन: चौदण्डी र विजयपुर फिर्ता गर्ने त्यहाँका राजकुमारको प्रयत्न दिगो रूपमा विफल हुन्छ। अंग्रेजबाट आक्रमण रोकिन्छ। तेश्रो, नेपाल दरवारभित्र आन्तरिक खिचोलो बढेका कारण नेपाल राज्य व्यवस्था कमजोर भएको महशुस हुन्छ। चौविसी राज्य मिलेर गोरखा माथि आक्रमण गर्ने तयारी गर्दछन्। सो खवर पाएपछि त्यसको प्रतिकार गर्न गोरखा तयार हुन्छ। लम्जुङमाथि प्रभूत्व जमाउनुभन्दा पहिले तनहुँमाथि अधिकार गर्नुपर्ने रणनीतिको ठहर गरिन्छ। तनहुँलाई काबुमा पार्न पहिले यसको तराईप्रवेश अधिनस्थ गर्नु पर्ने महशुस हुन्छ। अभिमान सिंह वस्नेत र स्वरूपसिंह कार्कीको नेतृत्वको फौजले चितवन, नवलपरासी लगायत भू-भाग आक्रमण गर्दछ। सन् ६ अगस्ट १७७७ मा गोरखाको विजय हासिल हुन्छ। २६ वर्षमै विफरबाट उनको देहावसान हुन्छ।

पृथ्वीनारायण शाहले हिन्दुत्व र राष्ट्रियता खतम पार्ने कुतत्व ठहऱ्याई नेपाल छिरेका ईशाई पादरीलाई मुग्लान धपाइदिएका हुन्छन्। दरबारभित्रको गुटका कारण धपाइएका पादरीहरूलाई फिर्ता बोलाइन्छ। फादर जोसेफ रोमाडोलाई काठमाडौं वस्न अनुमति दिइन्छ। राजा प्रताप सिंहलाई निर्वाध राज्य चलाउन काका दलजीत शाह र भाइ बहादुर शाहको सहयोगको नितान्त खाँचो रहन्छ। दरबारिया गुटका कारण तिनलाई उल्टै नुवाकोटमा लगेर नजर बन्दमा राख्छन्। काका भागेर वेपत्ता हुन्छन्। उनको सर्वस्व हरण गर्दछन्। भाइलाई निर्वासित जीवन बिताउन बाध्य पार्छन्। उनी वेतियामा गएर बस्दछन्। तरपनि बहादुर शाहमा पिताले आरम्भ गरेको एकिकरण अभियान पूरा गर्ने प्रण नसानसामा टाँसिएको हुन्छ। निर्वासित अवस्थामै अङ्ग्रेजले चितवनमा आक्रमण गर्दैछन्, त्यसपूर्व नै त्यहाँ आक्रमण गर्नु आवश्यक छ भनि अर्जीपत्र लेख्दछन्। अर्जि अनुसार आक्रमण हुन्छ। चितवन नेपाल अधिनस्त पनि हुन्छ। बिफरका कारण उनको मृत्यु हुन्छ।

श्री ५ रणबहादुर शाह बिसं १८३२ श्रावण १० (२२ जुलाई १७७५- )

श्री ५ रणबहादुर शाहको जन्म - १८३२ श्रावण१० गते (२५ मे १७७५) मा हुन्छ। उनको राज्यारोहण - १८३४ पौष ५ गते हुन्छ। प्रताप सिंहको मृत्यु हुँदाका दिन उनका पुत्र युवराज रणबहादुर शाहको उमेर ३० महिनाको मात्र हुन्छ। उनी अढाइ वर्षको उमेर हुदा नेपालको राजा हुन्छन्। धर्म र संस्कारले अपरिपक्व उमेर भएका राजालाई राजाको नामबाट नायवी काम गर्नँ पर्दछ। त्यसकोलागि कुनै नायवको आवश्यकता पर्दछ। यिनी वयस्क उमेरमा प्रवेश हुने वेलासम्म २ जना नायवले यिनको नाममा राज्य चलाउँदछन्। पहिलो आधा अबधी आमा बडामहारानी राजेन्द्रलक्ष्मी र दोश्रो आधा उनका कान्छा बुबा बहादुर शाहबाट नायवी चल्छ। यो चलखेल राजा १८ बर्ष हुँदा साँढे १५ बर्षसम्म रहि रहन्छ। राजा रणबहादुर शाह १४ वर्षको हुँदा उनको पहिलो विवाह ......का राजाकी छोरी राजराजेश्वरीसँग हुन्छ। उनीतिर एउटी छोरीमात्र जन्मन्छिन्। दोश्रो विवाह...सुवर्णप्रभासँग हुन्छ। उनीतिर २ छोरा रणोद्योत शाह र शमरशेर शाह।

रणबहादुरको असामान्य स्वभावका कारण राजदरबारमा कहि कतै कसैलाई बसिसक्नु टिकिसक्नु हुदैन। अति भएपछि सिकारखेल्ने बहाना बनाएर रानी सुवर्ण प्रभा सहित उनलाई नुवाकोट दरबारमा लगेर राखिन्छ। नुवाकोट पुगेपछि आफूलाई छोरासँग अलग्याउन खोजेको भन्ने आरोपमा अमरसिंह थापा र रणबम पाण्डेलाई खुट्टामा बाँधेर झुण्ड्याउन लगाउँछन्। प्रवल राणालाई छालामा राखेर घिसार्दै बजार घुमाउन लगाउँछन्। परशुराम थापालाई स्वास्नीका गुन्युचोली लगाएर बजार घुमाउन लगाउँछन्। कैयौं लाई हात बाँधेर झुण्ड्याउन लगाउँछन्।

पिता सिंहप्रताप शाहको मृत्यु हुँदा युवराज रणबहादुर अढाइ वर्षका मात्र भए पनि वैदिक सनातन धर्म नियमानुसार राजा बालक भएमा उनको नाममा मुख्तियारी नियुक्ती गरेर राज्य चल्नुपर्छ। प्रचलन अनुसार राजा मरेपछि रानी सति जानु पर्दथ्यो। कान्छी मैज्यू महारानी गर्भवती थिइन्। गर्भवती सतिजान नहुने नियम लगाएर दरबारका गुरूज्यू ब्रजनाथ पण्डितले विवाहिता महारानी राजेन्द्रलक्ष्मीलाई सती पठाउने योजना बनाउँछन्। उनलाई सति पठाउन सके अढाइ वर्षका राजालाई गद्धिमा राखेर आफैले रजाइँ गर्ने उनको भित्री मनसाय हुन्छ। परिस्थतिले पुरा हुन सक्तैन।

सिंहप्रताप शाहको काजक्रिया राजकुमार काजी दलजित शाहले गर्दछन्। राजेन्द्रलक्ष्मीले नचाोकको बाध्यताबस वेतियामा रहेका देवर बहादुर शाहलाई बोलाउँछिन्। उनी नेपाल पस्नासाथ त्यहीं रोक्दछिन्। काजक्रिया सकेपछि एउटा धर्मपत्रमा सही गराउँछिन्, अनिपछि मात्र नेपाल छिर्न दिन्छिन्। देबर भाउज्यू। बहादुर शाहले विशाल नेपाल बनाउने पिताको सपना पूरा गर्न तनहुँमा चढाइ गर्न चाहन्छन्। तर राजेन्द्रलक्ष्मीले उनका पतिले जस्तै युद्ध गरेर धन खर्चन चाहँदिनन्। यही कारण देबर भाउज्यूका बीच झगडा हुन्छ। काजी सर्बजित रानाको मद्दत लिएर देवर बहादुर शाहलाई जेल हाल्छिन्।

'राजाको गाथ नाश गर्ने कुकर्ममा लागेको' आरोपमा राजगुरू ब्रजनाथ पण्डितलाई चारपाटा मुडेर देश निकाला गर्छिन्। परसुराम थापालाई कैद गर्छिन्। स्वरूपसिंह कार्की भाग्छन्। किनकि सौताका पक्षधर थिए।

यस्तो दुर्दशाको खबर सुनेपछि राज गुरू गजराज मित्र काशीबाट नेपाल आँउँछन्। उनले धेरै प्रयत्न गरेर बहादुर शाहलाई जेल मुक्त गर्दछन् तर छोराको नायबी भएर राजकाज राजेन्द्रलक्ष्मीले नै चलाउँछिन्। यसै बीच आशौच भित्रै राजमाता राजेन्द्रलक्ष्मी स्वछन्द भएर हिँडडुल गर्न थाल्दछिन्। वैदिक राजसंस्था मान्ने कसैले पनि यो कुरा मन पार्दैनन्। उनको स्वछन्दपनले काजी सर्वजीत रानासँगको अनुचित सम्बन्धको व्यापक हल्ला हुन्छ। यही निहुमा मिति वि.सं. १८३५ भाद्र २१ ( १२ सेप्टेम्बर १७७८) का दिन काजी दलजित शाह काजी श्री हर्ष पन्तसमेतले काजी सर्वजित राणाको हत्या गरिदिन्छन्। राजमाता राजेन्द्रलक्ष्मीलाई नजरबन्दमा राखेर बहादुर शाहले भारदार हत्याको श्रृखला सुरू गर्छन्। बहादुर शाहले तनहुँमा चढाइ गर्दछन्। त्यस राज्यमाथि विजय हाँसिल गर्दछन्।

# नयाँ पिढींले उठाएका सामयिक आवाजहरू


सुरेशकुमार पाण्डे

हालै एउटा आयोजना आव्हान दाङले गरेको थियो 'सामाजिक अन्तरक्रिया' 'हाम्रो आवाज-हाम्रो संदेश' कार्यक्रममा सहभागी हुने मौका जुर्यो।

त्यो कार्यक्रममा छात्र छात्राहरूले निम्न विषयहरूमा निम्न बक्ताहरूले आ-आफ्नो धारणा राखेका थिए।

(१) लैङ्गिक भेदभाव र हाम्रो दायित्व- अदिति के.सी. ,

(२) हाम्रो शिक्षा प्रणाली-अनामिका घर्ती मगर,

(३) लागु पदार्थ दुर्व्यसन् र त्यसको प्रभाव-मेधावी बुढाथोकी,

(४) समाजिक सञ्जालको प्रयोग र यसको असर - सोम्या आचार्य,

(५) दाइजो प्रथा र सामाजिक प्रभाव - रितु महरा,

(६) अन्धविश्वस र सामाजिक प्रभाव- प्रवर्विण रिजाल।

बालबालिका द्वारा यिनै छ वटा विषयहरू माथि अत्यान्तै गहन तरिका बाट प्रष्टपार्ने काम भएको थियो। आठ, नौं कक्षाका विद्यार्थिहरूले जसरी कार्यक्रम प्रस्तूत गरेका थिए त्यो अत्यन्तै सह्राहनीय थियो। त्यसबाट उपस्थित् हरकसलाई प्रभाव परेको मैले महसूस् गरें।

कार्यक्रमलाई हेर्दा हाम्रो देशको भविष्य उज्वल त छँदै छ, सुरक्षित् पनि छ। साथै आउने पिढिले समाजलाई परिवर्तन गर्नेछन्।

बालबालिकाहरूमा देशभक्ति भावनाको गहिरो झलक् देख्न सकिन्थ्यो। आज देश चौतर्फिय अतिक्रमणमा परेको वेला र देशभित्र कयौं लेण्डुप दोर्जेहरूको सञ्जालको यो अवस्थाम हाम्रा बाल बालिकाहरूमा देशभक्ति भावनाको विकास हुनु नै देश सुरक्षित हुनु हो।

रूढिवादी संस्कारमा हुर्केका, गर्भै देखि धुम्रपान मदिरापान गर्दै आएका, व्यक्तिहरूलाई त्यो संस्कार भन्दा आफुले आफैलाई क्रमिक परिवर्तन् गर्न थालेका छौं। आजको पुस्ताको यो प्रगति देख्दा हाम्रो समाज अत्यन्तै प्रगतीको पथमा लम्किंदै गएको महसूस् भयो। हुन त समाज र प्रकृति जगतमा क्रमिक विकास हुन्छ, परिवर्तन् हुन्छ। यो सबै प्राकृति समाज परिवर्तनशील छ, शङ्का छैन।

हिंजो हाम्रो समाजमा सती प्रथा थियो,देउकी प्रथा थियो,त्यो सती प्रथा हटउन कयौं वर्ष शंघर्ष पनि भयो।सती प्रथा समाजको लागि खराब हो यसलाई हटाउनु पर्छ भन्ने थाहा हुँदाहुदै पनि त्यो कुप्रथा लम्विदै गएको थियो। सरकारमा जङ्ग बहादुरले वि.स.१९१० मा त्यो हटाउन प्रयास गरे। तर त्यो मात्र १२ वर्षकी किशोरी अर्थात त्यो वेलाकी महिला विधुवा भएपछि सती जान नपर्ने।१२वर्ष भन्दा पछिका किशोरीहरूको श्रीमान मरेपछि सती जाने। यसरी हामिले त्यो कस्तो समाजथियो भनेर बुझ्न सकिन्छ।

पछि जङ्गबहादुरले नै त्यो आयु सिमा बढाएर १६ गराएका थिए। अब १६ वर्षसम्मका महिलाहरूलाई सतीजान छुट भयो। सती जान छुट हुनुको अर्थ उनिहरू अकालमै मर्नपरेन्। पछि वि.स.१९७७ मा मात्र चन्द्र शंशेरले सती प्रथा माथि ६७ वर्ष पछि पूर्ण रोक लगाएका थिए।

एउटा कुप्रथा अथवा अपराधलाई हटाउन लामो शंघर्ष गर्न पर्दोरहिछ।

यस्तै आर्को *देउमाई जातीभित्र आर्को कुसंस्कार* थियो। उनिहरूको जातमा जन्मिएकी पहिलो छोरीलाई देवताको नाममा छाड्ने (चढाउने) चलन थियो। त्यो महीलासँग विवाह हुँदैनथ्यो।

*बोक्शी प्रथा* अँझैपनि छ। जसबाट अँझैपनि मुक्त हुन बाँकी नै छ। नियम छ कानून् छ तर सोंच छैन।

अनि कसरी समाज मुक्त हुनसक्छ ? यस्तै प्रकारको कुप्रथाले समाजमा घर जमाएको छ। त्यसलाई समाजमा दृष्टिकोणमा परिवर्तन् हुनुपर्दछ।

अहिलेसम्म उचारण गर्दा पनि महिला र पुरूषलाई मात्र गरेका छौं। तेस्रो लिङ्गलाई त हामि सम्झिनै चाहँदैनौं। किन की हाम्रो त्यो बानी बसेको छ । अब उप्रान्त हामीले यतातिर पनि ध्यान दिनुपर्ने हुन्छ। यद्यपि जनसंख्याको ०.०१ प्रतिसत अर्थात २ हजार ९ सय २८ उनिहरूको सङ्ख्यापनि देखिन्छ। नेपालको जनसंख्या २ करोड ९१लाख ६४ हजार ५ सय ७८ अर्थात् ५१.०२ प्रतिसत महिला छन्।

*छुई प्रथा* अर्थात् मासिक धर्मको अवसरमा गरिने सामाजिक विभेदको बारेमा । अहिलेको अबस्थामा यसबारे धार्मिक संग संस्था र स्वायम महिलाहरू सचेत हुनुपर्ने देखिन्छ। यद्यपि पुरूषहरू पनि उत्तिकै जिम्मेवार छन्। धेरैजसो स्वयम महिलाहरू यसबाट विद्रोह गर्न कताकतिले खोजेपनि परायजसो धेरै मात्रामा महिलाहरू यो कुप्रथालाई जोगाउने पक्षमा देखा पर्दछन् वा मौन समर्थनमा बसेका हुन्छन्। यद्यपि छाउ गोठमा कुनै घटना घट्यो भने गोठ भत्काउने हल्ला गरेको देखिन्छ। हल्लाले सुधार आउँदैन।

जो अन्तरकृयाले प्रष्ट पारेको छ। यसबारेमा अथवा उपरोक्त शीर्षकहरू छुट्टाछुट्टै रूपमा मिहिन तरिकाबाट निरन्तर प्रष्टाउँदै जानुपर्दछ।

हाम्रो शिक्षा प्रणालिमा सुधार ल्याउनुपर्ने बारे प्रष्ट छ। आज घोकन्ते शिक्षाले जीवीका चल्दैन्। ज्ञानका साथै रोजगारमूलक शिक्षाको खाँचो पनि छ। शिक्षामा किताबका भारि बोकाएर विद्यार्थिहरूलाई उनिहरूको प्रतिभाबाट बिमुख पार्ने काम हुँदै आएको छ। पढेका विद्यार्थीहरूको देशमा खपत छैन। १२ पास गरेपछि विदेश जाने तैयारी गर्छन्।

लागु पदार्थ दुर्व्यसन् र प्रभाव-

गाँजा, अफीम, कोकाको झार पात, चरेस, हिरोइन, ब्रउन सगुर, मदीरा आदि जसको सेवनले व्यक्तिको शारीरिक र मानसिकरूपमा असर पुराउँछन्। सरकारले लागु औषध नियन्त्रण ऐन ल्यायो, ऐन प्रभावकारी छैन। नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सुचना प्रकासित गरि तोकिएका लागु औषध माथि प्रतिबन्ध लगाएको छ भने कतिपयलाई नियन्तरण गर्ने निर्देशन दिएको छ। तमाखु, गुट्खा आदिमा सिग्रेट, बिडी र सूर्तीजन्य चीजलाई रोक्ने प्रयास गर्दै आएको छ। हाम्रो समाजमा सदियौंदेखि जरा गाडेर बसेको मध्य यो नशा पनि हो। कतिपयका घरमा त मदिरा उनिहरूले कुल पित्रिहरूलाई चढाउँने चलन नै छ। लागु पदार्थ, मदिरा सुर्तीजन्य बस्तुको लतमा मानिस फस्यो भने उम्किन सक्दैन। यसले आफ्नो स्वास्थयको अलवा ,परिवार र समाजलाई समेत नर्क तुल्य बनाइदिन्छ। धेरैजसो अपराध, चोरी डकेती,हिंशा र हत्या समेत यस्तै नशाको मातमा अथवा लतका कारण भएका हुन्छन्। यसले मानसिक र सारीरिक रूपमा पनि रोगी बनाइदिन्छ। यसबारेमा जनचेतनाका लागि निरन्तर यस्तै कार्यक्रमको आयोजना गर्दै जानुपर्दछ।

समाजिक सञ्जालको प्रयोग र यसको असर- कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधि मार्फत आफूले प्राप्त गरेका वा आफैले सिर्जना गरेका ट्वीटर,फेसबुक र ईन्स्टाग्रामजस्ता सामाजिक सञ्जलाले आफूलाई मनमा लागेका भावना ब्यक्त गर्ने ठाउँलाई भनेर बुझ्नुपर्छ ।युट्यूब र टिकटकजस्ता सञ्जालले पनि आफ्नो प्रतिभा निखार्ने, तिखार्ने र मनोरञ्जनको अवसर दिएको छ ।अहिलेको अवस्था विश्वमा क्षणभरमा सम्प्रक र वाइफैस कुरा हुनसक्दछ ।भिडियो र भ्वाइस मैसिज द्वारा, वड्सप आदिबाट थोरै शुल्कमा धेरैभन्दा धेरै कार्यक्रम प्रसारण गर्न सकिन्छ। यो मानव समाजमा ठुलो उपलब्दीनै हो।

तर यसका कयौं नकारत्मक पक्ष पनि छन्। बालबालिकाहरूमा पर्न गएको लत् भिडियो ग्याम, अश्लिल् तस्विरहरू, झुटा समाचारहरू, अपरिचित व्यक्तिद्वारा असमाजिक र नकारात्मक संदेशहरू आदिले यो दुषित बन्दै गएको देखिन्छ। कतिपयको घर नै वर्बाद पनि भएको देखिन्छ।

यसलाई हामीले सदुपयोग गर्नेहो भने यसबाट धेरै ज्ञान आर्जन गर्न सकिन्छ। यसबारे केही जानकारीहरू:- वर्ल्ड सोसल मिडिया डे पहिलो पटक सन् २०१० को जून ३० देखि मनाउँदै आएको देखिन्छ। विश्वको पहिलो सोसल मिडिया प्लेटफार्म सिक्सडिग्रिज सन्१९९७ सार्वजनिक भएको थियो। जसलाई एन्ड्र वेनरिचले संस्थापना गरेकाथिए। तर त्यो ऐप दुर्भाग्यवस कुनै कारण २००१मा बन्द भयो। यसपछि विस्तारै फ्रेण्डस्टिर, माइस्पेस, फेसबुक जस्ता एपहरू आए। जसलाई मानिसहरूले सञ्चार तथा अन्तरकियाका लागि प्रयोग गर्न थाले। अब मानिसहरू टीवटर, इन्स्टाग्राम, लिङ्किडन्, स्नापच्याट जस्ता बिभिन्न प्लेटफार्महरू प्रयोग गरि जानकारीका स्रोत बनाइ रहेकाछन्। सन् २००४मा मार्क जुकरबर्गले हार्वर्ड विश्वविद्यालयमा छँदा उनका कालेज कोठामा सँगै बसने सहपाठी साथिहरू जो कमप्यूटर विज्ञानका विद्यार्थिहरू थिए एडवार्डो साभरिन,डास्टर्न मोसकविट्ज, क्रिस ह्यूजेस र एन्ड्यु म्याककोल्म सँग मिलेर स्थापना गरेका थिए। अहिले पचास करोड जना भन्दा बढीले एकाउन्ट खोलिसकेकाछन्। यसका सकारत्मक र नकारात्मक बारे जनचेतनाका लागि यस्ता क्लासहरू, अन्तरक्रियाहरूको नियमित आयोजना गर्दै जानुपर्छ। ताकि यसबाट हुने सकारात्मक र नकारत्मक बारे जानकारी होस्।

अब यो दाइजो प्रथा र सामाजिक प्रभाव- वास्तबमा दाइजो प्रथा र यसले पारेको सामाजिक प्रभाव, खास गरेर निम्न वा सामन्यात: स्तरका परिवारमा यसको भयानक असर देखा परेको देखिन्छ। कैयौं किसोरीहरूको विवाह नै हुनसकिरहेको हुँदैन भने कयौं पारिवारीक कलेसका कारण आत्महत्या समेत गर्नपुग्छन्। दैजो खास गरेर मधेश प्रदेशमा यसको बढि असर देखापर्दछ। यसरी हेर्दा यो समाजमा रहेको कलङ्क नै हो।

तर सम्पती महिलाहरूको जन्मशिद्ध अधिकार हुनुपर्छ भन्ने लाग्छ। छोरा छोरी बराबर हुनभने छोरीको पनि छोरा सरह अधिकार हुनुपर्छ। यो दया र मायाले दिनेलाई अधिकार भन्न मिल्दैन। छोरा सरह पैत्रिक सम्पत्तिमा अधिकारको व्यवस्था हुनुपर्छ।

आजको पुरूष प्रधान समाजमा महिलाहरूको अत्यान्तै दयनीय र पिछडियको अबस्था छ। उनिहरू पहिले बाबा,दाजु भाई अनि विवाह भएपछि उनिहरू श्रीमान र पछि छोराको अधिनस्त भएर उनिहरूको आश्रृतमा बाच्नु परेको हुन्छ।उनिहरूको समान अधिकार नहुँदा आफ्नो जीविकोपार्जनका लागि ब्यश्यवृद्धी समेत गर्न बाध्य भएका हुन्छन्। महिलाहरू आजको युगमा पनि दुनियाभरिका बेश्यालयहरूमा पशुतुल्य नारकीय जीवन बिताइरहेका देख्छौं। यो पुरूष प्रधान र पुँजिवादी समाजको ऐना हो।

यसबारेमा कलिला बालिकाहरूले उठाएको आवाजले ठुलो र ऐतिहासिक महत्व राख्दछ। अधिकारका बहानामा छाडा र पश्चिमी संस्कृतीबारे समयमै सचेत हुने र अंकूश लगाउनु पर्ने देखिन्छ। अहिले कतिपय छाडा गीत नित्यहरू हाम्रै समाजभित्र ओइरो लागेको अबस्था छ। सचेत र सभ्य समाजको निर्माण गर्न यस्ता अन्तरकिर्याहरू गर्दै जानु समयको माग भएको छ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ साउन २०, Aug 5, 2025





## अन्तिम पातो - शाश्वत शर्मा

# नवयुवराज जुम्ला भ्लग तरङ्ग

मन्त्रिमण्डल पुनर्गठन, प्रम ओलीको तुर्कमेनिस्तानको भ्रमण, कांग्रेसको बागमती प्रदेशको लफडा, अख्तियारमा प्रमुख प्रेमकुमार राईलाई पद छोड्नुपर्ने दबाब, नाउपबाट रन्जिता श्रेष्ठको निस्काशन, भारतसँग गरिने भनिएको नागरिकता र सुपुर्दगी सन्धि, विद्या भण्डारीलाई भएको ब्याक फायर आदि घटनालाई ओझेलमा पार्दै नवयुवराज हृदयन्द्र वीर विक्रम शाहको **जुम्ला भ्लग** चर्चामा छ। राजतन्त्र, गणतन्त्रवादी सबैले नवयुवराजको भ्लगलाई सह्राहना गरेका छन्। खासगरी युवा पुस्तामा निकै नै चर्चा पाएको देखिन्छ। त्यसो त, वहाँको बिजुबाजे राजा महेन्द्रले समेत जुम्लाको विकासका लागि कदमहरू उठाइबक्सेको थियो। त्यो क्रमले बिस्तार उहाँका ठूला हजुरूबा, राजा वीरेन्द्रको समयमा पनि निरन्तरता पायो। जेहोस्, नवयुवराज हृदयन्द्रको भ्लग अहिले सामाजिक सञ्जालभरि मन पराइएको छ। र, विकासबारे नवयुराजको धारणा, त्यस क्षेत्रमा वहाँले पर्यटन प्रवर्द्धनका लागि गरिदिनु भएको आह्वान प्रशंसनीय छ। गणतन्त्रे हावा भाषणबाट आजित भएका नागरिकहरू नवयुराजको युवा विचारबाट प्रसन्नचित्त देखिन्छन्। कतिले त बल्ल राजा पाएको भन्नसमेत भ्याएका छन्। आधुनिक विश्वलाई राम्रो बुझेका नवयुवराजमा विकासका बारेमा नयाँ दृष्टिकोण भ्लगका् मन्तव्यबाट बुझिन्छ। विकास भनेको विदेशबाट ऋण ल्याएर, ऋणको बोझ थपेर भ्रष्टाचार गर्नु गलत हो, भइरहेकै सिमित स्रोत र साधनबाट विकास गर्न सकिन्छ, हामीले आँट गर्नुपर्छ भन्ने आशय नवयुराजमा रहेको छ।

त्यसो त, एकथरि जो विरोधका निम्ति विरोध गरिहन्छन्, तिनले राजावादी नवयुवराजलाई असभ्य गाली गर्नसमेत भ्याएका छन्। तिनलाई के थाहा कि आफ्नो पुर्खाले निर्माण गरेको मुलुकप्रति राजा र राजपरिवारलाई कति मायाँ हुन्छ भनेर। लोकतन्त्र र गणतन्त्रको शिर्षमा यो सुन्दर हिमाली मुलुकलाई रसातलमा पुऱ्याउने अहिलेका सकृय नेताहरू म्याद नाघेको औषधिसाबित भइसकेका छन्। तिनले दिएका समाजवाद, जनवाद, सर्वहारावाद आदि नाराहरू खोक्र साबित भइसकेका छन्। राजसंस्थावादी आन्दोलन गर्दा राजाका कार्यक्रमबारे प्रश्न गर्ने बुज्रुकहरूलाई नवयुवराजको जुम्ला भ्रमणको भ्लगले राम्रै जवाफ दिएको छ। आर्थिक विकास नै शान्ति हो भन्ने राम्ररी बुझेका नवयुवराजमा राजा महेन्द्रको दूरदर्शिता र राजा वीरेन्द्रको प्रजातन्त्र र विकासप्रतिको अवधारणाको समिश्रण देखिन्छ। हुन पनि पुर्वजहरूझैं जनतामाझ गएर वस्तुस्थिति बुझ्ने प्रयास नवयुवराजले गर्नुभएको छ, त्यो आफैमा बिशिष्ट छ। राजाहरू खोपीमै बसिरहनुपर्छ, आफ्ना आसेपासेले ल्याएको सूचना र विचारमा सिमित रहनुपर्छ भन्ने पुरानो रूढीवादी संस्कारलाई राजा महेन्द्रदेखि तोडिन सुरू भएको हो। वीरेन्द्र र पछिल्लोपल्ट ज्ञानेन्द्रले पनि त्यो पदचापलाई पछ्याएको अनुभूति थियो। संविधानतः अहिले राजसंस्था नरहेता पनि शाहबंशको उत्तराधिकारीहरू संस्कारका कारण आज पनि जिवन्त नै देखिन्छ, भेटिन्छ। भलै यो विदेशीद्वारा लादिएको संविधानले राजालाई नचिनोस्। आमनेपालीको मनमा राजा र राजपरिवार अझै कायम छ भन्ने कतिपय दृष्टान्त, घटनाक्रम, स्वागत र अभिनन्दनले देखाइरहेकै छ। राजपरिवारमा पनि नेपाल र नेपालीप्रति अझै जिम्मेवारीवोध छ भन्ने राजपरिवारका विभिन्न समयका विचार, भेटवार्ता, अन्तरकृया र अनेक परिघटनाले स्पष्ट पारिरहेको छ। पूर्वराजाको पछिल्लो समय आएको स्वदेश फर्क स्वदेश नै स्वर्ग भन्ने अभिव्यक्तिलाई नवयुराज हृदयन्त्रको वर्तमान कृयाकलापले सार्थक बनाउन खोजेको देखिन्छ। बुझिन्छ। अबको समय भ्रष्ट एवम् राष्ट्रघातहरूको होइन, नवयुराज हृदयन्द्रजस्ता उर्जावान, परिवर्तिन विश्वसँग मिलेर अघि बढ्नसक्ने युवाहरूको हो। देशले अगुवा युवा पाएको छ। देशले सुयोग्य युवा पाएको छ। अब बादको आवरणमा भ्रष्टाचार, व्यभिचार, राष्ट्रघातलाई प्रश्रय दिने नेता र तिनका समर्थकहरूको साथ दियौं भने हामीले मौका गुमाउनेछौं। राष्ट्र बचाउन र बनाउन यस्तै युवा सकृयता र सोच चाहिएको छ। समय आयो, अवसर आयो, यस्ता युवाहरूलाई उर्जाशील बनाऔं, साथ दिऔं।

# तुइनले मान्छे खाँदैछ, कहिले हुन्छ बिस्थापन ?

सत्ता राजनीति सत्ता र स्वार्थमै व्यस्त र अभ्यस्त छ। विकास, शान्ति र जनताको स्वास्थ्यसँग सरकार र नेताहरूलाई सरोकार देखिदैन। नेतृत्वको प्रतिस्पर्धा, भ्रष्टाचारको प्रतिस्पर्धा अत्यधिक छ, नीति र नैतिकता केही बाँकी रहेन। यहाँसम्म कि चुनावका बेलामा जनतालाई दिएका आश्वासन र देखाएका सपनामात्र होइन, आफैले जारी गरेका घोषणापत्रका सम्बन्धमा समेत पार्टीहरू इमानमा टिकेनन्। पार्टीहरू जनविश्वासको कसीमा स्खलन हुँदै गएका छन्। अब त विदेशीले समेत फ्रड, मानव बेचबिखन गर्ने मुलुक भनेर भन्न थालेका छन्। यति हुँदा पनि गणतन्त्रवादी आफ्नो अनुहार, व्यवहार हेर्दैनन्।





केपी ओलीले साँढे ३ वर्ष चलाए, केपी ओलीले फेरि १५ महिना चलाइसके। उनको तेश्रो कार्यकाल पनि राजनीतिक झेल र सत्ताको खेलमा बितेको देखिन्छ। राजनीतिक बेइमानीको मारमा जनता परेका छन्, अकालमा मर्न बाध्य पारिएका छन्। यो वर्ष पनि तुइनबाट खसेर मान्छेले ज्यान गुमाए। सत्ता रनेताहरूले चिन्तासम्म गरेनन्।

राजनीतिमा गालीगलौज खुब चलेको छ। प्रतिषोध साध्ने अभियान पनि जारी छ। डा.बाबुराम भन्छन्- ओली र प्रचण्ड मिलेर विपक्षको सफाया अभियान चलाएका छन्। आमनागरिकको बुझाइ पनि यही नै छ।

राजनीतिमा सहिष्णुता भन्ने केही छैन, एकले अर्कोलाई गाली गर्ने, तल खसालेर बोल्ने, संसदीय असभ्यताले पराकाष्ठा नाघ्दै गएको देखिन्छ। राजनीति दुषित हुँदैगएको छ।

राप्रपाले सूर्य बोके, कांग्रेसले हँसिया हथौडा बोक्यो, एमालेले राप्रपालाई सघायो। नीति, सिद्धान्त केही बाँकी रहेन। बृद्ध कांग्रेसका सभापति देउवा प्रचण्ड र ओलीको राजनीतिलाई टुलुटुलु हेरिरहेका छन्, पाएजति भाग सोहोरिरहेका छन्। देउवाजस्ता परिपक्व नेताले राजनीतिमा अभिभावकत्व लिन सकेनन्, त्यस्तो उदारता पनि उनमा देखिएन। कांग्रेस सभापतिले चाहेका भए तुइन बिस्थापित भइसक्थ्यो, मान्छेले अकालमा मर्नुपर्ने थिएन। लोकतान्त्रिक गणतन्त्रमा मानवताभन्ने विषयले महत्व पाउने थियो।

केपी ओली तीनपटक प्रधानमन्त्री हुँदा तुइन बिस्थापन गर्ने गुड्डी हाँके। केही तुइन बिस्थापन गर्ने कार्य त भयो तर पुरै बिस्थापन हुनसकेन। अझै तनहुँदेखि सुदूरपश्चिमका पहाडमा तुइनको कहरबाट भुइँमान्छे प्रताडित छन्, दुःख झेलिरहेका छन्, चुनाव जितेर गएपछि जनप्रतिनिधिले नागरिक कष्ट हेर्ने कामै गरेनन्।

यतिबेला फेरि संघीय र प्रदेश सरकारको अस्थिरताको चर्चा बाक्लिएको छ। मन्त्रीहरूको फेरबदलको कुरा छ। सत्ताधारी सत्ताको दुर्गन्धित खेल र भ्रष्टाचारमा लिप्त हुनु लोकतन्त्रको दुर्भाग्य हो। आमजनता भनेका सधैं आशामा बाँच्ने बर्ग रहेछ। भन्नलाई लोकतन्त्र भन्ने, लोकले नेताको दयापात्र भएर बाँच्नुपर्ने हो भने यो प्रणालीलाई लोकतन्त्र कसरी भन्ने ? यथार्थमा लोकतन्त्रको झण्डै दुई दशकको समय अलोकतान्त्रिक रह्यो।

मुख्य सवाल तुइन र नीति र नैतिकता.....

महाकाली तर्न खोज्दा भारतीय सुरक्षाकर्मीले तुइनको डोरी काटेर नेपाली जयसिंह धामीलाई खसालीदिए। यसवर्ष तुइन तर्दा नागरिक मरे। जनतामारा लोकतन्त्रको उपादेयता कति रह्यो त ?

*- फणिन्द्रराज पन्त*

# स्थानीय निकायमा कानुनी साक्षरता अनिवार्य

***कानूनी साक्षरता अभियानले अपराध न्यूनीकरणमा सहयोग पुग्छ : अधिवक्ता बिष्णु गिरी***

काठमाडौ। अधिवक्ता बिष्णु गिरीले देशैभरीका स्थानीय निकायमा कानूनी साक्षरता अभियान सञ्चालन गरिनुपर्ने जोड दिएका छन् नागरिक समाजले आयोजना गरेको अन्तरकृया कार्यक्रममा यस्तो बताएका हुन्। ललितपुर बार एसोसियसनका सदस्य समेत रहेका अधिवक्ता गिरीले कानूनका जान्नैपर्ने आधारभूत कुरा बुझाएर जनतालाई सूचित बनाउन यो अभियान आवश्यक रहेको बताए। कुन विषय र मुद्दामा कस्तो कानून आर्कषण हुन्छ भनेर ग्रामीण क्षेत्रका बासिन्दालाई जानकारी भयो भने अपराध न्यूनीकरणमा सहयोग अधिवक्ता गिरीको भनाइ छ।

ज्यान सम्बन्धी, करणी, विवाह, अपहरण, शरीरबन्धक, बोक्सीको आरोप, छुवाछुत र भेद्भाव सम्बन्धी कानूनी साक्षरता ज्ञान स्थानीय निकायमा आवश्यक रहेको उनले बताए। अंश, सम्बन्धविच्छेद, अपुताली, दानबकस, लिखत पारित लगायतको मुद्दाको बारेमा पनि स्थानीय निकायले कानूनी साक्षरताको माध्यमबाट जनतालाई बुझाउनको लागि पनि अभियान आवश्यक रहेको अधिवक्ता गिरीको भनाइ छ।

अधिवक्ता गिरीले अनलाईन नबिकरण, पत्रकारलाई कोभिड खोपमा प्राथमिकता र तत्कालीन ओली सरकारले ल्याएको नागरिकता बिधयक जस्ता जनसरोकारका मुद्धामा सफलता प्राप्त गरेका छन्। कानूनको सिद्धान्तमै कानूनको अज्ञानता क्षम्य नहुने भन्ने ब्यवस्था छ। कसैले कुनै गल्ती गर्यो र मलाई यो थाहा थिएन मैले जानीन भनेर क्षमा पाउँदैन त्यसैले पनि हरेक नेपाली र नेपालमा बस्ने बिदेशीले समेत नेपालको कानूनको बारेमा जानकारी आवश्यक भईरहेकाले कानूनको जानकारी जो सुकैमा हुनुपर्नेमा अधिवक्ता गिरीको जोड छ।

अधिवक्ता गिरीले बिभिन्न स्थानीय निकाय, बिधालय, सामुदायिक संघ संस्थाहरूमा कानून सम्बन्धी सचेतना मूलक कार्यक्रम गर्दै आएका छन्। बिभिन्न पत्रपत्रिका तथा संञ्चारमाध्यमबाट नियमित रूपमा कानून सम्बन्धी लेख रचना तथा अर्न्तवार्ताको माध्यमबाट कानूनी शिक्षाको बारेमा जानकारी दिदै आएका छन्। मेलमिलाप कर्ता समेत रहेका अधिवक्ता गिरी पछिल्लो समय कानून सम्बन्धी बिबिन्न संघ संस्थाले आयोजना गरेका कार्यक्रममा प्रशिक्षकको रूपमा तालिम दिदै आएका छन्। अधिवक्ता गिरीसँग लामो पत्रकारिता गरेको अनुभव पनि छ। उनी पत्रकार महासंघको बिबिन्न तहमा नेतृत्वदायि भूमिका निर्बाह गरेर काम गरेको अनुभव पनि छ। अधिबता बिष्णु गिरी, कोरिया जापान थाइल्याण्ड कम्बोडिया, बङलादेश, भारत, चिन लगायत एक दर्जन भन्दा बढी देशको भ्रमण गरेका छन् भने राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको कानून सम्बन्धी तालिम समेत लिएका छन्।




## डेंगीबाट बचौं र बचाऔं

**लक्षण :**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांसपेशीहिरूमा असहृय पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्यधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरू आउनु,
- वाकवाकी लाग्नु वा बान्ता हुनु,

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्नेगरी झ्यालढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झूल लगाएर सुतौं,
- एयर कुलर, पानीट्यांकी, गमलामा राखिएका प्लेटहरू समय समयमा सफा गरौं ॥

*"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड



